प्रकाशक

ठाकुरबाबा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सैनवार, बर्दिया

लुम्बिनी प्रदेश, नेपाल

फोन नं.: ०८४-४०३११९०/९८५८०७३१११

इमेल : info@thakurbabamun.gov.np

thakurbabamun@gmail.com

ito.thakurbaba@gmail.com

Audio Notice board: १६१८०८४४०३११६

Toll Free No.: १६६०८४४२००५

१७ औं नगर सभा अधिवेशनबाट स्वीकृत

बार्षिक नीति तथा कार्यक्रम, बजेट र योजना आ. व. २०८२/०८३

"समुन्नत ठाकुरबाबा, सबल नगरबासी"

ठाकुरबाबा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सैनवार, बर्दिया

लुम्बिनी प्रदेश, नेपाल

१७ औं नगर सभा अधिवेशनबाट स्वीकृत

बार्षिक नीति तथा कार्यक्रम, बजेट र योजना

आ. व. २०८२/०८३

आर्थिक बर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम

ठाकुरबाबा नगरपालिकाको नगर सभाका सदस्यज्यूहरू, ठाकुरबाबा नगरपालिकाको नगर सभाको सत्रौं अधिवेशनमा हार्दिक स्वागत गर्दछु । यस गरिमामय सभामा आगामी आर्थिक बर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुस गरेको छु ।

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेका काम, कर्तव्य र अधिकार अन्तर्गतका कामहरूको निरन्तरताका साथै हाम्रो कार्यकालमा ठाकुरबाबा नगरवासीले सकारात्मक परिवर्तनको अनुभूति गर्ने गरी योजना तथा कार्यक्रमहरू अगाडि बढाएका छौँ । नेपालको संविधान तथा सङ्घीय, प्रदेश र स्थानीय कानूनद्वारा प्रदत्त हक अधिकारको प्रयोग गरी तीनै तहसँग समन्वय, सहकारिता र सहअस्तित्वलाई कायम राख्दै ठाकुरबाबा नगरपालिकाको विकास र समृद्धिका लागि आवश्यक कार्य गर्न हामी प्रतिवद्ध छौँ ।

नगरपालिकाको कृषि र पर्यटन क्षेत्रको दिगो तथा वातावरणमैत्री विकास नै नगरपालिकाको समुन्नतिको पहिलो आधार हो । सेवाग्राहीले सरल तथा सहज तरिकाले सेवा प्राप्त गर्ने हकलाई सुनिश्चित गर्नका लागि सूचना र प्रविधिको उच्चतम प्रयोग गर्दै सेवा प्रवाह गरिँदै आइएको छ । स्वच्छ, सफा, हरियालीयुक्त पर्यावरण विकास गरी ठाकुरबाबा नगरपालिकालाई साँच्चिकै सुन्दर बनाउने हाम्रो ध्येय रहेको छ ।

आन्तरिक सुशासन र सबल प्रशासनको विकासबाट हामीले अख्तियार गरेका नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ ।

आर्थिक बर्ष २०८१/०८२ को नीतिको समीक्षा :

नगर सभा सदस्यज्यूहरू, अब म आ.ब. २०८१/०८२ मा हामीले प्राप्त गरेका उपलब्धीहरूको सारसंक्षेप प्रस्तुत गर्न चाहान्छु ।

स्थानीय तह सबैभन्दा नजिकको सरकार र जनताले प्रत्यक्ष रूपमा अनुभूत गर्ने सरकार भएको हुँदा हामी नगरपालिकाको संस्थागत विकास र सुशासनमा प्रतिबद्ध भएर लागि रह्यौँ । हाम्रो तीन बर्षको कार्यकालमा ठाकुरबाबा नगरपालिकाले स्थानीय सरकारको हैसियतमा गरेका विभिन्न संरचनागत, नीतिगत, कानूनी, प्रशासनिक तथा व्यवस्थापकीय कार्यहरूको मूल्याङ्कन गर्दै नेपाल नगरपालिका सङ्घबाट मिति २०८१/१२/०७ गते **"संस्थागत विकास, सेवा प्रवाह र सुशासन"** क्षेत्रमा देशकै उत्कृष्ट नगरपालिकाको रूपमा सम्मानित हुन पुगेका छौँ । नगरपालिकालाई यो स्थानमा पुऱ्याउन सहयोग गर्नुहुने जनप्रतिनिधि, अहोरात्र काममा खटिने सम्पूर्ण कर्मचारी र नगरवासी तथा सम्पूर्ण शुभचिन्तकहरूप्रति हार्दिक आभार प्रकट गर्दछौँ ।

ठाकुरबाबा नगरपालिका खेल क्षेत्रमा पनि आफ्नो विशेष पहिचान बनाउन सफल भएको छ । विश्वकपको इतिहासमा पहिलो पटक फाइनलमा प्रवेश गर्न सफल भएको खो-खो खेलमा महिला र पुरुष दुबैतर्फ नेपाल उपविजेता बन्न सफल भएको थियो । जसमा ठाकुरबाबा नगरपालिकाका मात्र १२ जना खेलाडी सम्मिलित थिए । यसैगरी भर्खर सम्पन्न जिल्ला स्तरीय रनिङ्ग शिल्ड प्रतियोगिता २०८२ मा ठाकुरबाबा नगरपालिकाले १९ स्वर्ण सहित प्रथम स्थान हासिल गर्न सफल भएको छ । अन्तरपालिका अध्यक्ष कप पुरुष फुटबल प्रतियोगितामा

ठाकुरबाबा नगरपालिका प्रथम र महिला फुटबलमा दोस्रो स्थान हासिल गरेको छ । नेपालमै पहिलो पटक ठाकुरबाबा नगरपालिकामा राष्ट्रिय स्तरको खो-खो लिग सफलतापूर्वक आयोजना गरिएको छ ।

संस्थागत विकासका लागि शक्तिको विकेन्द्रीकरण गर्ने अभ्यासहरू शुरु गरिएको छ । नगरसभा र नगर कार्यपालिका अन्तर्गतका विषयगत समितिहरूको भूमिकालाई थप प्रभावकारी र सक्रिय हुने पद्धतिको विकास गरिएको छ । विषयगत समितिको क्षेत्राधिकार भित्रका विषयमा व्यवस्थापकीय तथा कार्यकारी भूमिका समितिबाटै निर्वाह गर्ने अभ्यासलाई शुरुवात गरिएको छ । आवश्यक विषयमा क्षेत्रगत नीति तथा कानून तर्जुमा, योजना तथा परियोजनाको निर्माण, सेवा प्रवाहमा सूचना प्रविधिको उपयोग र नगरवासीप्रति उत्तरदायी शासकीय पद्धतिलाई आत्मसाथ गर्दै अधिकतम पारदर्शी शासन सञ्चालन गर्ने दिशामा निर्देशित भएका छौँ ।

ठाकुरबाबा नगरपालिका स्थानीय सरकारले पूरा गर्नुपर्ने सबै मापदण्ड र सूचकहरूलाई आधार मानी कार्य सम्पादन गर्दै अगाडि बढिरहेको छ । जसका कारण स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन (LISA) मा ९५.७५ अङ्क तथा स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) मा ९१.०० अङ्क सहित बर्दिया जिल्लामा प्रथम र प्राकृतिक स्रोत तथा वित्त आयोगको कार्य सम्पादन मूल्याङ्कनमा ६५.७० अङ्क सहित बर्दिया जिल्लामा तृतीय स्थान हासिल गर्न सफल भएका छौँ । ठाकुरबाबा नगरपालिकाको थप पहिचानका लागि ठाकुरबाबा गान तयार गरिएको छ । जनप्रतिनिधिले परिकल्पना गरेका कामहरूलाई नतिजासम्म पुऱ्याउन कर्मचारीहरूको विशेष भूमिका रहने र कर्मचारीहरूको वृत्ति विकास र क्षमता विकासले सेवा प्रवाहमा पनि गुणस्तरता ल्याउने हुनाले ठाकुरबाबा नगरपालिकाले लुम्बिनी प्रदेशमै पहिलो नगरपालिकाको रूपमा वि.सं. २०८२ साल बैशाख महिनादेखि करारमा कार्यरत कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराएको छ साथै एकै पटक ३२ जना कर्मचारीहरूको तह मिलान तथा तह बृद्धि गरिएको छ ।

भूमिहिन तथा अव्यवस्थित बसोवासीको व्यवस्थापन लामो समयदेखि समस्याको रूपमा रहँदै आएको सन्दर्भमा यसको दिगो व्यवस्थापनका लागि वडा नं. ५ मा जग्गा नापजाँचको काम सम्पन्न गरी लालपुर्जा वितरणको लागि भूमि समस्या समाधान आयोग, जिल्ला समिति बर्दियासँग समन्वय भैरहेको छ । अन्य वडाहरूमा पनि क्रमशः नापजाँचको काम अगाडि बढाइएको छ ।

भौतिक पूर्वाधार विकासका हिसाबले अत्यन्तै पछाडि परेको यस नगरपालिकामा विकासका योजनाहरूले पनि गति लिई नगरपालिकाको रूपरेखा नै परिवर्तन हुँदै गइरहेको छ । बहुतले शौचालय सहितका विद्यालय भवन, सबै वडाहरूको आफ्नै प्रशासनिक भवन निर्माण र सार्वजनिक सम्पत्तिको संरक्षणका लागि सबै वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरूमा कम्पाउण्ड वाल निर्माण गर्ने कार्य पनि सम्पन्न भएको छ । सडक निर्माण कार्यलाई अझ व्यवस्थित एवम् गुणस्तरीय बनाउनका लागि सडक यातायात गुरुयोजना निर्माण गरिएको छ । पूर्वपश्चिम राजमार्ग अन्तर्गत सैनवार-भुरिगाउँ-रानीपुर खण्डको सडक चौडीकरण गर्ने कार्यको थालनी भएको छ ।

ठाकुरबाबा नगरपालिकाको समृद्धिको आधारको रूपमा रहेको कृषिको व्यवसायिक उत्पादनका लागि कृषि यान्त्रीकरण सहयोग अन्तर्गत सूचना प्रकाशन गर्दा निवेदन प्राप्त भएका २८० जना कृषकहरूलाई प्रति कृषक रू. तीस हजारका दरले मिनि टिलर खरिदका लागि अनुदान उपलब्ध गराइएको छ । किसानहरूको उत्पादनले बजार नपाउने समस्याको न्यूनीकरण गर्न गत आर्थिक बर्षदेखि शुरु गरिएको सहकारी संस्थामार्फत समर्थन मूल्यमा कृषि उपज खरिद गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

"समुन्नत ठाकुरबाबा : सबल नगरवासी" बनाउने हाम्रो ध्येय यो बर्ष कोशेढुङ्गा सावित हुनेछ। सङ्घीय सरकारको समपूरक र विशेष अनुदानबाट रू. दस करोड पचास लाख, लुम्बिनी प्रदेश सरकारको मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रममा दुई करोड सात लाख पचास हजार र कोरियन सरकारको सहयोगमा सञ्चालन हुने एकीकृत ग्रामीण विकास परियोजना कार्यक्रम अन्तर्गत करिब ५ करोडका थप कार्यक्रमहरू सम्झौता भएका छन्। यी कार्यक्रमबाट विशेष गरी मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण, सडक पूर्वाधार निर्माण, बालविकास कक्षाहरूको सुधार, विद्यालय भौतिक तथा शैक्षिक वातावरण सुधारसँगै कृषि तथा पशुजन्य उत्पादनको बजारीकरण, प्राङ्गारिक मल कारखाना स्थापना र पर्यापर्यटन विकास सम्बन्धी कार्यक्रमहरू सञ्चालन हुनेछन्।

पर्यटकीय नगरपालिकाको रूपमा पहिचान बनाएको यस नगरपालिकाले लगातार दुई बर्ष प्रदेश स्तरीय घुम्न जाऔँ बर्दिया, पर्यटन दिवस जस्ता पर्यटन प्रवर्धनका कार्यक्रमहरू भव्य रूपमा सम्पन्न गरिसकेको छ। पर्यटकीय पूर्वाधारका रूपमा सांस्कृतिक डबली, नाचघर, नमूना बस्ती विकास कार्यक्रम, सडक निर्माण तथा चौडीकरण, सडक बत्ती जडान लगायतका कार्यहरू सम्पन्न गरिएको छ। पर्यटकीय गतिविधि बढाउन जलाशय पर्यटनको अवधारणा अनुरुप बहुउद्देश्यीय जलाशय निर्माणका लागि वडा नं. ४ बर्गदामा करिब ८३ बिगाहा जग्गा प्राप्तिको कार्य अन्तिम चरणमा पुगेको छ। ठाकुरबाबा नगरपालिकालाई पर्यटकीय नगरपालिका घोषणाका गर्नका लागि लुम्बिनी प्रदेश सरकारलाई सिफारिस गरी पठाइएको छ।

नगरपालिकाले विपद् व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनका कामहरूलाई प्रभावकारी ढङ्गले अगाडि बढाएको छ। विपद् व्यवस्थापनका लागि जनशक्ति व्यवस्थापन, आपतकालीन सूचना केन्द्र स्थापना तथा सञ्चालन, दमकल तथा फायर फाइटरको व्यवस्थापन लगायत ऊर्जा प्रभावकारी भवन निर्माण सम्बन्धी कार्यविधि बनाई अब बन्ने घरहरूलाई ऊर्जा प्रभावकारी बनाउन दक्ष जनशक्ति तयार गरिएको छ। सुरक्षित आवास कार्यक्रम मार्फत निर्माण हुने घरहरूलाई ऊर्जा प्रभावकारी बनाउन थप प्रोत्साहन प्रदान गरिएको छ। यस बर्ष ऊर्जा प्रभावकारी ७५ वटा आवास सहित जम्मा १०३ वटा सुरक्षित आवास निर्माण भएका छन्। वन्यजन्तुबाट हुने क्षति तथा जोखिम कम गर्न ३.५ कि.मि. पक्की हात्ती छेकबार पर्खाल निर्माण गरिएको छ र आगामी आर्थिक बर्षमा समेत सो कार्यलाई निरन्तरता दिइनेछ।

ठाकुरबाबा नगरपालिकाको पहिचानको रूपमा रहेको ठाकुरद्वारा मन्दिरको ऐतिहासिक तथा पुरातात्विक महत्वलाई मध्यनजर गरी विगत दुई बर्षदेखि पुरातात्विक विभागबाट उत्खनन हुँदा धेरै प्राचीन संरचना र सामाग्रीहरू फेला परेका छन्।

ठाकुरबाबा प्रज्ञा प्रतिष्ठान मार्फत स्थानीय भाषा, कला साहित्य र संस्कृतिको संरक्षण र विकासमा धेरै महत्वपूर्ण कामहरू सम्पन्न भएका छन्। महिला पञ्चेबाजा समूह निर्माण, महिलाको लागि मादल वादन तालिम, लाखे, डेउडा, जिउरा जगैना, मारुनी र मौलिक बाजामा नृत्य जस्ता हाम्रा मौलिक संस्कृति झल्काउने कार्यक्रमले सांस्कृतिक रुपान्तरण नै ल्याएको छ। आगामी दिनमा पनि भाषा, कला, साहित्य र संस्कृतिको संरक्षणका कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ।

भौतिक पूर्वाधारका हिसाबले धेरै पछाडि परेको ठाकुरबाबा नगरपालिकामा गत बर्षदेखि सङ्घ र प्रदेश सरकारको सहयोगमा ठूला आयोजनाहरू कार्यान्वयन भई सम्पन्न हुने चरणमा पुगेका छन्। बजार क्षेत्रको व्यवस्थित ढल निकास तथा पानी निकासका लागि नगरपालिकाका मुख्य बजार क्षेत्रहरूमा ढल निकासको

डि.पि.आर. निर्माण कार्य सम्पन्न भएको छ। पूर्वाधारमा धेरै ठूला योजनाहरू समावेश भएकाले आगामी आर्थिक बर्षमा भौतिक पूर्वाधारको विकासले ठाकुरबाबा नगरपालिकाको स्वरुप नै परिवर्तन हुने अपेक्षा छ।

नगरपालिकाले प्राथमिकतामा राखी सञ्चालन गरिरहेका कार्यक्रमहरू मध्ये यस बर्ष पनि सामाजिक र आर्थिक विकासका कार्यक्रमलाई उच्च प्राथमिकता राखी नीति तथा कार्यक्रम प्रस्ताव गरिएको छ। शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, पशुपालन, रोजगारी, उद्यमशीलता, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, यूवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास, खानेपानी तथा सरसफाई, विपद् व्यवस्थापन, न्याय निरुपण जस्ता विषयगत क्षेत्रहरूका लागि विशेष नीति तथा कार्यक्रम प्रस्ताव गरिएको छ।

नेपाल सरकार तथा लुम्बिनी प्रदेश सरकारको नीति तथा कार्यक्रम, राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धता, दिगो विकासका लक्ष्यहरू, हाम्रा स्थानीय आवश्यकता र मागहरू, नगरपालिकाको प्रथम आवधिक योजना, विभिन्न ऐन नियमले मार्गदर्शन गरेका कामहरू समेतलाई कार्यान्वयन गर्न विभिन्न नीतिगत, कानूनी र संस्थागत प्रबन्ध गरिएको छ। आगामी आर्थिक बर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आम नगरवासी तथा सबै पेशा व्यवसायमा आवद्ध महानुभावहरूको सहयोग, समन्वय र सहकार्य रहने कुरामा विश्वस्त रहेको छु।

नगरसभा सदस्य ज्यूहरू,

चालु आर्थिक बर्षका लागि नगर सभाको सोह्रौं अधिवेशनबाट स्वीकृत भई कार्यान्वयन भएको नीतिले नगरवासी र आम जनमानसमा सुधारको अनुभूतिका साथै आशा र भरोसाको सञ्चार गरेको छ। नगर सभाबाट स्वीकृत हुने नीति तथा कार्यक्रमहरूले ठाकुरबाबा नगरवासीको भविष्यलाई सुनिश्चित गर्ने र देशभरका स्थानीय सरकारहरू मध्येबाट केही कामहरूका लागि ठाकुरबाबा नगरपालिका पुरस्कृत भएकोले नमूना योग्य कामहरूको निरन्तरता दिनु आवश्यक रहेको छ।

एक बर्षको अवधिमा नीति तथा कार्यक्रमको कार्यान्वयनबाट प्राप्त उपलब्धि सन्तोषजनक रहेको देखिन्छ। यद्यपी चालु आर्थिक बर्षको नीति विश्लेषण गर्दा पूर्वाधार तर्फका केही योजना शतप्रतिशत कार्यान्वयनमा आउन सकेको देखिँदैन। कार्यक्रम कार्यान्वयनमा सार्वजनिक खरिद प्रक्रिया, संस्थागत तथा प्राविधिक क्षमताको कमी, निर्माण व्यवसायीको ढिलासुस्ती, सिलिङ्ग अनुसारको बजेट प्राप्त नहुनु जस्ता कारणले अपेक्षाकृत नतिजा प्राप्तिमा चुनौती थपिएको छ।

नगर सभाबाट पारित नीति तथा कार्यक्रमको शतप्रतिशत कार्यान्वयनका लागि सङ्घीय, प्रदेश सरकार तथा सरकारी, गैर सरकारी संघसंस्थाहरूसँग नियमित समन्वय र सहकार्य गरी धेरै विकासका योजनाहरू अगाडि बढिरहेका हुनाले सोको निरन्तरताका साथै संस्थागत क्षमतामा बृद्धि आवश्यक रहेको छ। संस्थागत संयन्त्र तथा कानुनी प्रबन्धको थप व्यवस्था गरी स्वीकृत कार्यक्रमको प्रभावकारी रूपमा कार्यान्वयन, अनुगमन र मूल्याङ्कन पद्धतिको विकास गर्न आवश्यक देखिएको छ।

नगरपालिकाको आम्दानीको मुख्य श्रोत रहेको नदीजन्य पदार्थको ठेक्का नजानु, अझैसम्म पनि सबै व्यवसायहरू दर्ता नहुनु, भवन निर्माण मापदण्ड लागु गरिएता पनि नक्सा पास नगरेरै घर निर्माण गर्नु जस्ता कारणले श्रोतमा सङ्कुचन आउँदा विकास निर्माण समेत प्रभावित हुने देखिएकाले नदीजन्य पदार्थको संकलन र यहा निर्माण हुने योजनामा बाहिरबाट ढुंगागिटी, बालुवा नल्याउने गरी निर्माण कार्य गराउन निर्माण व्यवसायीसँग र व्यवसाय दर्ता कार्यमा उद्योग वाणिज्य संघसँग सहकार्य गर्न आवश्यक देखिएको छ।

नगरसभाका सदस्य ज्यूहरू,

सम्मानित नगरसभाको बैठकमा आगामी आर्थिक बर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु। ठाकुरबाबा नगरपालिकाको दीर्घकालीन सोच **"समुन्नत ठाकुरबाबा : सबल नगरवासी"** मा केन्द्रित भई आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ।

१. **"शिक्षा मौलिक अधिकारको कार्यान्वयन र गुणस्तरिय शिक्षा आजको आवश्यकता"** भन्ने मूल नारालाई आत्मसाथ गर्दै निशुल्क शिक्षा कार्यान्वयनलाई निरन्तरता दिँदै कक्षा १२ सम्म नै पूर्ण निःशुल्क गरिनेछ। विद्यालयहरूको नियमित अनुगमन र सुपरिवेक्षणका लागि अनुगमन संयन्त्र परिचालनलाई निरन्तरता दिइनेछ। प्रत्येक विद्यालयमा इ-हाजिरी जडान गरी केन्द्रीकृत अनुगमन प्रणाली मार्फत नगरपालिकाबाट अनुगमन गरिनेछ।

२. **"सानालाई जोड दिने, ठूलालाई ध्यान दिने"** नीति अनुरुप नगरपालिका सबै सामुदायिक विद्यालयका प्रारम्भिक बाल विकास कक्षालाई गुणस्तरीय बनाउन कक्षाहरूको थप पूर्वाधार विकास, वातानूकूलित कोठा व्यवस्थापन र १ वडा १ विद्यालयमा खेलका सामाग्री सहितको बाल उद्यान निर्माण गरिनेछ। हाम्रो मौलिक संस्कृति र परम्परालाई मध्यनजर गरी हरेक बर्ष सरस्वती पूजामा बालविकासका बालबालिकाहरू भर्ना गर्न **"अक्षर आरम्भ"** विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

३. **"हरेक शुक्रवार सिर्जनावार"** अन्तर्गत अभिभावकहरूको सहभागितामा सिपमूलक शिक्षा र अभिभावक शिक्षा मार्फत **"मेरो विद्यालय : मेरो जिम्मेवारी"** अभियान र विद्यालयको सुन्दरता तथा हरियालीयुक्त विद्यालयका लागि **"मेरो विरुवा : मैरै संरक्षण"** अभियान तथा परम्परागत तथा आधुनिक खेलकुदको विकास र प्रवर्धनका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

४. विद्यार्थीहरूलाई कामको संसार चिनाउनका लागि आफ्नो रुची र खुबी पहिचान गर्न सबै माध्यमिक विद्यालय तथा नगरपालिकामा समेत करियर ल्याब, वृत्ति मार्ग निर्देशन लगायतका कार्यक्रमहरू सञ्चालन गरिनेछ, साथै माध्यमिक विद्यालयहरूमा गणित ल्याब स्थापना गरिनेछ।

५. विद्यार्थीको चापलाई हेरी टिनको छानो भएका विद्यालयका कक्षकोठालाई उर्जा प्रभावकारी बनाउन फल्स सिलिंग, SRI पेन्ट लगायतका कक्षाकोठा सुधारका कार्यक्रम सञ्चालन गरिनेछ।

६. सबै विद्यालयलाई तिनतारे विद्यालयको मापदण्डमा पुऱ्याउन विद्यालयमा खानेपानी, सरसफाई तथा स्वच्छता संरचनाहरूको उचित व्यवस्थापन गरिनेछ। सबै विद्यालयमा सुरक्षित खानेपानी जडान गरिनेछ र ठूला विद्यालयका शौचालयको नियमित सरसफाइका लागि विद्यालयलाई सरसफाइकर्मीको व्यवस्थापन गर्न थप श्रोत उपलब्ध गराइनेछ।

७. विद्यालयहरूबीच गुणस्तरमा प्रतिष्पर्धा गराउन नयाँ सोच र नयाँ कार्यक्रमहरूसहितको नवप्रवर्तन कार्यक्रमका लागि उत्कृष्ट प्रस्ताव पेश गर्ने ३ वटा विद्यालयलाई थप कार्यक्रमहरू प्रदान गरिनेछ। ठाकुरबाबा प्रज्ञा प्रतिष्ठान मार्फत भाषा, कला, साहित्य, संस्कृतिको संरक्षण प्रवर्धनको कामलाई निरन्तरता दिइनेछ।

८. प्रधानाध्यापकको कामको चाप र जिम्मेवारीलाई मध्यनजर गरी हाल प्रदान गरिँदै आएको मासिक प्रधानाध्यापक भत्तामा बृद्धि गरिनेछ र सेक्टर इन्चार्जलाई समेत इन्चार्ज भत्ता उपलब्ध गराइनेछ। विषयगत शिक्षकहरूको क्षमता विकासका लागि नियमित विषय विज्ञबाट तालिमहरू सञ्चालन गरिनेछ। शैक्षिक सुधारका लागि उत्कृष्ट कार्य सम्पादन गर्ने शिक्षक विद्यालयहरूलाई प्रोत्साहन तथा सम्मान गरिनेछ।

९. डिजिटल तथा प्रविधिमैत्री शिक्षा प्रवर्धनका लागि आवश्यक सामाग्रीहरू र प्राविधिक जनशक्तिको व्यवस्थापन गरिनेछ । कृत्रिम वुद्धिमता साक्षरता अभियान (AI Literacy Campaign) अन्तर्गत कक्षा ८ देखि १२ सम्मका विद्यार्थीहरूलाई ए.आई. साक्षरता, च्याट बोर्ड प्रयोग, Ethics of A.I. विषयमा कार्यशाला सञ्चालन गरिनेछ ।

१०. पठन संस्कृतिको विकासका लागि ठाकुरबाबा प्रज्ञा प्रतिष्ठानमा स्थापना गरिएको पुस्तकालयलाई थप व्यवस्थित बनाइनेछ ।

११. सबै विद्यालयमा अभिभावक शिक्षा र सिप हस्तान्तरण कार्यक्रम सञ्चालन र अनाथ तथा असहाय बालबालिकाका लागि अस्थायी संरक्षण केन्द्र सञ्चालनलाई निरन्तरता दिइनेछ । साथै पढ्दै कमाउदै कार्यक्रमलाई प्राविधिक शिक्षासँग जोडी निरन्तरता दिइनेछ । सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरूलाई प्रदान गरिँदै आएको छात्रवृत्तिलाई एकीकृत गरी थप प्रभावकारी गराइनेछ ।

१२. विद्यालयहरूको सुन्दरता बढाउन, विद्यालयहरूलाई वातावरणमैत्री र हरियालीयुक्त बनाउनका लागि विद्यार्थीहरूको सहभागितामा हरित विद्यालय निर्देशिका बमोजिमका कार्यक्रम सञ्चालनमा गरिनेछ ।

१३. अपाङ्गता भएका विद्यार्थीहरूलाई अनुकुल हुने गरी भौतिक संरचना निर्माण तथा मर्मत सम्भार गरिनेछ। सामुदायिक विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूका लागि नियमित स्वास्थ्य परीक्षण, रक्तअल्पता परिक्षण, आइरन चक्की वितरण, पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप अभियान र विद्यालयमा मनोसामाजिक परामर्शको लागि मनोसामाजिक परामर्शकर्ता परिचालन गरिनेछ ।

१४. विद्यालयमा यौन तथा प्रजनन स्वास्थ्य, महिनावारी मैत्री विद्यालयको व्यवस्थापन लगायतका कार्यलाई निरन्तरता दिइनेछ। उच्च शिक्षा अध्ययन गर्ने अति विपन्न तथा जेहन्दार छात्राहरूलाई प्रोत्साहन स्वरुप साइकल वितरण गरिनेछ ।

१५. **"स्वास्थ्यका लागि खेलकूद : राष्ट्रका लागि खेलकूद"** भन्ने मूल नारा सहित खेलकूदका गतिविधिलाई संस्थागत गर्न गठन गरिएको नगर खेलकूल विकास समिति मार्फत खेलका सबै गतिविधिहरू सञ्चालन गरिनेछ साथै खेलकूद प्रतियोगिता सञ्चालनका लागि आवश्यक पर्ने पूर्वाधारहरू (रंगशाला, टेबलटेनिस, बास्केटबल कोट) निर्माण, विद्यमान पूर्वाधारहरूको नियमित मर्मत र स्तरोन्नतिका कार्य गरिनेछ ।

१६. खेलाडीहरूलाई नियमित रूपमा खेलमा प्रोत्साहन गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलमा पदक जित्ने खेलाडीलाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति प्रदान गरिनेछ ।

१७. दुई बर्ष सेवा अवधि पूरा भएका नगर शिक्षक, बाल विकास शिक्षक र विद्यालय कर्मचारीहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गरिनेछ । अन्य करार सेवाका शिक्षकलाई पनि क्रमशः सामाजिक सुरक्षा कोषमा आवद्ध गर्दै लगिनेछ ।

१८. गुणस्तरीय, सर्वसुलभ र आधारभूत सेवा प्रवाह सुनिश्चितताका लागि सबै वडाका स्वास्थ्य संस्थाहरूबाट प्रबर्धनात्मक, प्रतिकारात्मक र उपचारात्मक सेवाहरू निःशुल्क र प्रभावकारी र रूपमा प्रदान गरिनेछ ।

१९. मातृ तथा नवजात शिशु मृत्युदर घटाउन गर्भवतीसँग नगरपालिका कार्यक्रम लागू गरिनेछ । यसका लागि एक पटक गर्भवती आमाको घरैमा गई घर परिवारसँग परामर्श तथा गर्भवतीको जाँच गरिनेछ । गर्भवती र सुत्केरीसँग सम्बन्धित सबै जाँच र उपचार निःशुल्क गरिनेछ । सुत्केरी आमा र नवजात शिशुको घरैमा गई जाँच गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२०. बालबालिका, बृद्ध, अपाङ्गता भएका व्यक्तिहरू र दीर्घरोगीहरूलाई लक्षित स्वास्थ्य सेवा सुदृढ गरिनेछ। एकीकृत बालरोग व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ। स्वास्थ्य बीमा कार्यक्रमलाई व्यापक रूपमा जनस्तरसम्म पुऱ्याउन विशेष अभियान सञ्चालन गरिनेछ।

२१. मानसिक स्वास्थ्य तथा नसर्ने रोग न्यूनीकरणका लागि निदान, उपचार तथा परामर्श सेवामा पहुँच बढाइनेछ। मानसिक स्वास्थ्य कार्यक्रम अन्तर्गत उपचार तथा परामर्श सेवा साथै विशेषज्ञ सेवा प्रदान गरिनेछ। सुर्तिजन्य पदार्थ सेवन विरुद्ध विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ। पाठेघरको मुखको क्यान्सर परिक्षणका लागि नगरपालिकाको तालिम प्राप्त जनशक्तिलाई नगर अस्पतालमा राखी क्यान्सर परिक्षणका लागि गरिने भि.आई.ए. परिक्षण नगर अस्पतालबाटै नियमित रूपमा गरिनेछ। वडास्तरमा मेडिकल अधिकृत मार्फत स्वास्थ्य सेवा तथा विशेषज्ञ सहितको स्वास्थ्य शिविर सञ्चालन गरी नसर्ने रोगको निदान तथा उपचार गरिनेछ।

२२. सरसफाई, पोषण तथा सुरक्षित पानीमा आधारित जनस्वास्थ्य कार्यक्रम प्रर्वधन गरिनेछ। मेडिकलजन्य फोहर व्यवस्थापन तथा वास फिट कार्यक्रमलाई व्यवस्थित रूपमा लागु गरिनेछ। खोपसँग सरसफाई प्रवर्धन कार्यक्रम, पोषण, सुरक्षित पानी तथा सरसफाई कार्यक्रमलाई निरन्तरता दिइनेछ। स्वास्थ्य संस्थाहरूको वाससँग सम्बन्धित समस्याहरू समाधानका लागि स्थापित मर्मत सम्भार कोषलाई निरन्तरता दिइनेछ।

२३. पेपर लेस स्वास्थ्य संस्थाको विकास गरी डिजिटल स्वास्थ्य सूचना प्रणाली (eHMIS) लाई सुदृढ बनाइने छ। स्वास्थ्य संस्थाहरूमा कम्प्यूटर तथा स्वास्थ्यकर्मीहरूलाई तालिमको व्यवस्थापन गरी डिजिटल स्वास्थ्य सूचना प्रणाली (eHMIS) लागू गरिनेछ।

२४. स्तनधारी जनावरको टोकाइबाट सर्ने प्राणघातक रोग विरुद्ध लगाइने खोप सेवालाई निरन्तरता दिइनेछ।

२५. सिकलसेल तथा थालासेमिया रोगको समयमै पहिचान गरी अर्को पुस्तामा सर्ने चेन तोड्ने उद्देश्यले १५ महिना पूरा भई लगाउँने दादुरा खोपको दोश्रो मात्रा लगाउँका थारू समुदायका बालबालिकाको निशुल्क रूपमा सिकलसेल तथा थालासेमिया परिक्षण गरिनेछ। साथै सिकलसेल एनिमिया सचेतना शिविर सञ्चालन गरिनेछ।

२६. समुदायमा बढ्दै गइरहेको विभिन्न नसर्ने रोगहरूमा आवश्यक देखिएको फिजियोथेरापी सेवालाई प्रभावकारी किसिमले सञ्चालन गर्न आयुर्वेद सेवालाई नगर अस्पतालमै समाहित गरी नियमित रूपमा फिजियोथेरापी सेवा शुरु गरिनेछ। निरोगी र स्वस्थ जीवनशैलीका लागि सबै वडाहरूमा खुला व्यायमशाला स्थापना गरिनेछ।

२७. २ बर्ष भित्रका बालबालिकाहरूको पोषण अवस्थाको लेखाजोखा गरी पोषण पार्श्वचित्र तयार गरिनेछ। पोषण मैत्री स्वास्थ्य संस्था र वडा घोषणाका सूचकहरू प्राप्तिका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२८. स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिई सबैमा स्वास्थ्य बीमा पुऱ्याउन प्रभावकारी ढंगले कार्यान्वयन गरिनेछ। द्वन्द्वपीडित परिवार, महिला स्वास्थ्य स्वयम्सेविका तथा विपन्न परिवारका "ग" बर्गको अपाङ्गता परिचयपत्र प्राप्त गरेका व्यक्तिहरूको निशुल्क स्वास्थ्य बीमा गरिनेछ।

२९. मातृशिशु स्वास्थ्य कार्यक्रम तथा आमा सुरक्षा कार्यक्रम अन्तर्गत सबै गर्भवती महिलाहरूलाई निशुल्क क्याल्सियम चक्की वितरण गरिनेछ । साथै नियमित खोप तथा विभिन्न रोगहरूको शिविर सञ्चालन गरिनेछ ।

३०. महिला स्वास्थ्य स्वयम्सेविकालाई ६० बर्ष पुगेपछि दिइँदै आएको सम्मान कार्यक्रमलाई निरन्तरता दिदै यो सम्मान दिर्घरोग या दुर्घटनाका कारण काम गर्न नसक्ने अवस्था आएमा र कम्तिमा १० बर्ष स्वयम्सेविकाको रूपमा काम गरेका स्वयम्सेविकालाई पनि प्रदान गरिनेछ ।

३१. मानव अधिकार र सामाजिक न्यायको सिद्धान्तलाई अवलम्वन गर्दै न्याय सम्पादनलाई थप सरल, सहज, अनुमानयोग्य र पहुँचयोग्य बनाउन सूचना प्रविधिको प्रयोग गरिनेछ । समता सहितको समानता तथा सामाजिक समावेशिकरणको प्रत्याभुतिका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

३२. बालविवाह मुक्त वडा तथा नगरपालिका घोषणा गर्ने कार्यलाई निरन्तरता दिइनेछ । बालविवाह मुक्त पालिका बनाउन छोरी सम्मान कार्यक्रम सञ्चालन गरिनेछ । २० बर्ष उमेर पुगेका तथा १२ कक्षा उत्तीर्ण गरेर विवाह गर्ने विपन्न बर्गका छोरीलाई पालिकाबाट ३० हजार नगद सहित सम्मान गरिनेछ ।

३३. आर्थिक र सामाजिक रूपमा विपन्न घरधुरी पहिचानका लागि सम्पन्नता स्तरीकरण गरी परिचय पत्र वितरण तथा जि.पि.एस. मा आधारित घर नम्बर वितरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

३४. आर्थिक र सामाजिक रूपमा पछाडि परेका महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, मुक्तकमैया, कमलरी, सुकुम्बासी, द्वन्द्वपीडित, दलित, आदिवासी, जनजाति, मधेशी, मुस्लिम, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, सीमान्तकृत, पिछडा वर्ग र जोखिममा रहेका समुदायको सशक्तिकरण लागि संघसंस्थाको साझेदारीमा सीप विकास तथा आयआर्जनमूलक तालिम कार्यक्रमको सञ्चालन र सो मार्फत उद्यमशिलता र रोजगारीका अवसरहरूको सिर्जना गर्न स्वरोजगार कोषबाट सहुलियत दरमा ऋण प्रवाह गरिनेछ ।

३५. स्थानीयकरण गरिएको दिगो विकासका लक्ष्य पुरा गर्नका लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

३६. लक्षित समुदायको सरकारी सेवामा मूलप्रवाहीकरणका लागि लक्षित वर्ग विशेष लोकसेवा तथा शिक्षक सेवा तयारी कक्षालाई निरन्तरता दिइनेछ ।

३७. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा उन्मूलन सम्बन्धी महासन्धि (सिड) र बेइजिङ्ग घोषणा पत्रले समेटेका क्षेत्रहरूको विषयमा जनप्रतिनिधि, कर्मचारी र सरोकारवालाहरूलाई अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

३८. अनाथ तथा असहाय अवस्थामा रहेका बालबालिकाको संरक्षणात्मक कार्यलाई थप व्यवस्थित गरिनेछ । सार्वजनिक पूर्वाधार र सेवाहरूलाई अपाङ्गतामैत्री, बालमैत्री र लैङ्गिकमैत्री बनाइनेछ ।

३९. साझेदार संस्थासँगको समन्वयमा बालमैत्री स्थानीय शासन घोषणाका लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ । गैर सरकारी संस्थाहरूलाई नगरपालिकाको प्राथमिकताका क्षेत्रमा परिचालन गरिनेछ ।

४०. **"ज्येष्ठ नागरिक : समाजका अमूल्य निधि"** भन्ने मान्यतालाई आत्मसात गर्दै ज्येष्ठ नागरिकको आत्मसम्मान अभिबृद्धि र ज्ञान, सीप तथा अनुभवको पुस्तान्तरणका लागि विद्यालयहरूसँग समन्वय र सहकार्य गरिनेछ । ज्येष्ठ नागरिकहरूलाई सम्मानपूर्वक जीवनयापन गर्ने प्रवन्ध गर्न ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रहरूको विस्तार तथा व्यवस्थापन गरिनेछ ।

४१. पूर्ण अशक्त अपाङ्गता र अति अशक्त अपाङ्गता (क र ख वर्ग) भएका व्यक्तिहरूको सुरक्षित आवास निर्माण कार्यलाई सहयोग गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

४२. विभिन्न संघसंस्था तथा लुम्बिनी प्रदेश सरकार सँगको साझेदारीमा अपाङ्गता भएका बालबालिकाको पहिचान, उपचार तथा पुनर्स्थापनाका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

४३. लैङ्गिक हिंसा पीडितहरूका लागि तत्काल उद्धार, संरक्षण, उपचार तथा मनोसामाजिक परामर्श सेवा प्रदान गर्नका लागि लैङ्गिक हिंसा निवारण कोषको उचित परिचालन गरिनेछ । स्थानीयस्तर, जिल्लास्तर र केन्द्रस्तरमा भएका सेवा केन्द्रहरूसँग समन्वय गरी हिंसापीडित महिला तथा बालिकाको पुनर्स्थापना कार्यक्रमलाई प्रभावकारी बनाईनेछ ।

४४. सडक मानवहरूको उद्धार एवम् मानवोचित व्यवस्थापनका लागि निलसागर सेवा आश्रम र मानवसेवा आश्रमसँग समन्वय गरिनेछ ।

४५. विपदमा महिला, बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति लगायत संकटासन्न समुदायको संरक्षणका लागि विपद् जोखिम न्यूनीकरणमा लैङ्गिक समानता, अपाङ्गता, र सामाजिक समावेशीकरणको अवधारणालाई कार्यान्वयन गरिनेछ ।

४६. सशस्त्र द्वन्द्वको क्रममा पति वेपत्ता पारिएका परिवारका एकल महिलालाई मासिक रूपमा निर्वाह भत्ता उपलब्ध गराइनेछ । द्वन्द्वपीडित परिवारलाई उत्पादनका क्रियाकलापसँग जोडी जीवकोपार्जन सहयोग तथा शिक्षा मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गरिनेछ ।

४७. महिला शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन सम्बन्धी दोश्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि आवश्यकता पहिचान कार्य भैसकेकाले विभिन्न संघसंस्थाहरूको साझेदारीमा आवश्यकतानुसारका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

४८. राष्ट्रिय परिचयपत्रलाई सार्वजनिक सेवा प्रवाह र विकास व्यवस्थापनसँग जोडी सेवा प्रवाहलाई सरल, मितव्ययी र प्रभावकारी बनाईनेछ । राष्ट्रिय परिचयपत्र कार्डमा नागरिकको पहुँच अभिबृद्धि गर्न सङ्घीय सरकारसँगको समन्वयमा राष्ट्रिय परिचयपत्र दर्ता स्टेसन सञ्चालन तथा कार्ड वितरण गरिनेछ । राष्ट्रिय परिचयपत्रलाई सामाजिक सुरक्षा भत्ता प्रणालीसँग आवद्धता गरी Biometric Verification मार्फत सामाजिक सुरक्षा भत्ता नविकरण गरिनेछ ।

४९. सामाजिक सुरक्षा भत्ता वितरणलाई सरल, सहज र पहुँचयोग्य बनाउन हरेक वडामा घुम्ति शिविर मार्फत र ९० बर्षभन्दा माथिका र पूर्ण अपाङ्गता भएका लाभग्राहीहरूको घरघरमा नै गई भत्ता वितरण लाभग्राहिको शिविरमा नै स्वास्थ्य परीक्षण गर्ने कार्यलाई निरन्तरता दिदै थप सेवामैत्री बनाईने छ ।

५०. स्थानिय पञ्जिकाधिकारीहरू तथा सो सम्बन्धी काम गर्ने कर्मचारिहरूलाई घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी तालिम तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरी कार्यक्रमलाई साझा बुझाई बनाउन आवश्यक कार्य गरिनेछ ।

५१. अनलाईनमा आधारित नागरिकता अनुसुचि प्रणाली (CCIMS) लाई निरन्तरता दिदै सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्यको शुद्धिकरणको लागि CCIMS प्रणालीबाट नागरिकता प्रमाणपत्र चेकजाँच गरिने कार्यका लागि आवश्यक प्रबन्ध गरिनेछ ।

५२. **"उत्तम विकल्प कृषि"** भन्ने मन्त्रलाई आत्मसाथ गरी कृषि विशेष कार्यक्रम सञ्चालन गरिनेछ। कम्तीमा ३ बिघा क्षेत्रफलका कलष्टर रहने गरी चक्लाबन्दी खेतीपाती गर्ने कृषकहरूलाई अनुदानमा कृषि सामग्री सहयोग गरिनेछ।

५३. **"हाम्रो पहिचान : कृषिका विशेष उत्पादन"** भन्ने मन्त्रलाई आत्मसाथ गर्दै मसिनो तथा बासनादार धान, हिउँदे एवम् वसन्ते मकै, चैते धान र तरकारी तथा फलफूल पकेट विकास गरी व्यवसायिक उत्पादन एवम् उत्पादकत्व बृद्धि गरिनेछ।

५४. **"माटो नै जीवन हो"** भन्ने नाराका साथ माटो परीक्षण, नक्शाङ्कन तथा सुधार र उत्पादन बृद्धि गर्न बीउ सहयोग गरिनेछ। सबै वडाका विभिन्न करिब १५० वटा स्थानबाट जिपिएस प्वाइन्ट सहितको माटोको नमूना परीक्षण तथा विश्लेषण गरी डिजिटल रूपमा माटो नक्शाङ्कन प्रणालीमा राखिनेछ। माटोको उर्वरा शक्ति बढाउन ५० प्रतिशत अनुदानमा ढैंचाको बीउ सहयोग र कोशेबाली तथा गड्यौले मल उत्पादन प्रदर्शनी गरिनेछ।

५५. **"कृषिमा यान्त्रिकरण : लागतको न्यूनीकरण"** भन्ने नाराका साथ व्यवसायिक कृषि उत्पादनलाई प्रवर्द्धन गर्न साझेदारीमा कस्टम हायरिङ्ग सेन्टर सञ्चालन गरिनेछ। कृषकहरूको उत्पादनको उचित मूल्य प्राप्तिका लागि समर्थन मूल्यमा खरिद गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

५६. रैथाने बालीको पहिचान, संरक्षण तथा विस्तार गरिनेछ। स्थानीय थारू आलु, सिमी मसिनो तथा बासनादार धानको उत्पादन बृद्धि, क्षेत्र विस्तार तथा बजारीकरण गरिनेछ। बीउ उत्पादनमा संलग्न कृषकहरूलाई प्रोत्साहन स्वरूप उत्पादनमा आधारित अनुदान रकम उपलब्ध गराइनेछ।

५७. **"सीपयुक्त कृषक निर्माण हाम्रो अभियान"** भन्ने नाराका साथ कृषकहरूको क्षमता विकास तथा कृषक सम्मान गरिनेछ। कृषक पाठशाला एवम् कृषक चौतारीमार्फत् गरेर सिक्ने अवधारणा बमोजिम ज्ञान, सीप, उत्पादन प्रविधि हस्तान्तरण गरी कृषकहरूको उत्पादन कौशल अभिबृद्धि गरिनेछ। नगरपालिकामा गुणस्तरहीन तथा अवैध मल भित्रीन नदिन स्वदेशमा उत्पादित र आयातित गुणस्तरीय रासायनिक, जैविक तथा प्राङ्गारिक मलको कारोबार गर्न इच्छुक बिक्रेतालाई आर्थिक बर्षको सुरुमै सूचिकृत गरी सोको नियमन गरिनेछ। अनुदानित रासायनिक मल वितरणलाई व्यवस्थित गर्न सुरु गरिएको कृषक पासबुक सबै कृषकको घरधुरीमा पुऱ्याइनेछ।

५८. बालीनालीमा देखा पर्न सक्ने आकस्मिक समस्याहरू हल गर्न बाली संरक्षणका कार्यक्रमहरू सञ्चालन गरिनेछ। च्याउ, मौरीजस्ता सहयोगी तथा अन्तरसम्बन्धित बाली वस्तुको विस्तार एवम् उत्पादनका लागि ५० प्रतिशत अनुदानमा च्याउको बीउ र मौरीका लागि सामग्री सहयोग गरिनेछ।

५९. **"एक विद्यालय एक करेसाबारी"** कार्यक्रम सञ्चालन गरिनेछ।

६०. **"व्यवसायिक पशुपालन : रोजगार र आयआर्जन"** भन्ने मूल नारासहित व्यवसायिक पशुपालक बनाउन विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ। पशुजन्य उत्पादनको व्यवसायीकरण र बजारीकरणका लागि हेफर इन्टरनेसनल नेपाल, नवप्रवर्तन साझेदारी कोष र कोरियन सरकारको सहयोगमा पशु नश्ल सुधार मार्फत उत्पादनमा बृद्धि गरी उत्पादित वस्तुको प्रशोधन, प्याकेजिङ्ग र बजारीकरणका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

६१. कृषि उत्पादनको भण्डारका लागि कोल्ड रुम तथा कोल्ड स्टोरको निर्माण कार्य सम्पन्न गरी सञ्चालन गरिनेछ।

६२. पशुपन्छीको उपचारका लागि आवश्यक खोप सेवा, आकस्मिक सरुवा रोग नियन्त्रण सम्बन्धी क्रियाकलापहरू, घुम्ती शिविर, रोग पहिचान लगायतका कार्यक्रमहरू सञ्चालन गरिनेछ । पशु आहार तथा पोषण सुधारका लागि पोषण कार्यक्रम सञ्चालन गरिनेछ ।

६३. कृषकहरूले भोग्नु परेको मलको समस्या न्यूनीकरण गर्न तथा जैविक उत्पादनमा जोड दिन प्राङ्गारिक मल उद्योग स्थापना गरीनेछ । साविकमा ९ नं. वडा कार्यालय रहेको भवनमा एकीकृत कृषि तथा पशुजन्य उत्पादनको सङ्कलन, भण्डारण, प्रशोधन, प्याकेजिङ्ग तथा बजारीकरणका लागि सूचना तथा साना चिस्यान केन्द्र स्थापना गरिनेछ ।

६४. पशुजन्य उत्पादन तथा तरकारीको बजारीकरणका लागि बंगुरको मासु प्रशोधन केन्द्र, दुग्धजन्य पर्दाथको विविधीकरण र प्याकेजिङ्ग गर्नुका साथै कृषकको घरघरबाट उत्पादित वस्तुहरू सङ्कलन गर्न इ-रिक्सा र सङ्कलित तथा प्रशोधित बस्तुलाई बजारसम्म पुऱ्याउन कृषि एम्बुलेन्सको व्यवस्थापन गरिनेछ ।

६५. **"हाम्रो दायित्व : हाम्रो समुन्नति"** भन्ने नाराका साथ उद्योग वाणिज्य संघसँगको सहकार्यमा व्यवसाय दर्ता तथा नवीकरण अभियान सञ्चालन गरिनेछ ।

६६. महिला कृषि उद्यमी र साना कुटिर उद्यमीलाई ५० प्रतिशत लागत सहभागिता हुने गरी साना यन्त्र उपकरण खरिदमा अनुदान प्रदान गरिनेछ ।

६७. **"मिसन रोजगारी"** कार्यक्रम मार्फत रोजगारी र उद्यमशीलता प्रवर्धनलाई उच्च प्राथमिकतामा राखेर दिगो रोजगारी र उद्यमशीलता प्रवर्धन अभियान सञ्चालन गरिनेछ । उक्त अभियानमार्फत श्रम बजार व्यवस्थापन, श्रमको उत्पादकत्व बृद्धि, सिप अभिबृद्धि, जनशक्तिको व्यवस्थापन, व्यवसायिक लगानीको प्रवर्द्धन, साना तथा मझौला व्यवसायको सबलीकरण, उद्यमशिलताको विस्तार, श्रम र रोजगारीको भविष्य, सामाजिक सुरक्षाको विस्तार, रोजगारीसँग सम्बन्धित विभिन्न आयाममा केन्द्रित भएर कार्यहरू गरिनेछ ।

६८. **"श्रमको सम्मान : राष्ट्रको अभियान"** कार्यक्रम तथा रोजगार संवाद मञ्च मार्फत सरोकारवालासँग निरन्तर संवाद गरिनेछ । श्रम संसार पोर्टलमार्फत रोजगारी विनिमय र रोजगारीका अवसरहरूलाई एकीकृत गरिनेछ ।

६९. **"मेरो क्षमता : मेरो योगदान"** भन्ने नाराका साथ स्वयंसेवी कार्यगत अभ्यास कार्यक्रम सञ्चालन गरिनेछ ।

७०. नगरपालिकाका बासिन्दाहरूलाई काठमाडौं धाइरहनुपर्ने झन्झटबाट मुक्तिका लागि कन्सुलर र वैदेशिक रोजगार बोर्डका उद्दार, राहत र क्षतिपूर्ति जस्ता सेवाहरू रोजगार सेवा केन्द्रबाट सहज रूपमा उपलब्ध गराइनेछ । पुनः श्रम स्वीकृति सहजीकरण र वैदेशिक रोजगारी सम्बन्धी अभिमुखीकरणलाई रोजगार सेवा केन्द्रबाट नियमित सञ्चालन गरिनेछ ।

७१. वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरूलाई सामी कार्यक्रम अन्तर्गत पुनः एकीकरणका क्रियाकलापहरू सञ्चालन गरिनेछ । पारिवारिक विखण्डन न्यूनीकरण तथा विप्रेषण रकम सदुपयोग गर्न मनोसामाजिक परामर्श तथा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।

७२. राष्ट्रिय रोजगार कार्यक्रममा संलग्न श्रमिकलाई उत्पादनमूलक कार्यसँग जोडी जीविकोपार्जनमा थप सहयोग पुऱ्याइनेछ । अनौपचारिक तथा निजी क्षेत्रका श्रमिकहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्न उद्योग वाणिज्य संघ र सम्बन्धित क्षेत्रसँग समन्वय तथा अन्तरक्रिया गरिनेछ ।

७३. कामदारको उचित सुरक्षाको प्रत्याभूति हुने गरी श्रमिक परिचयपत्र अनिवार्य गरिनेछ । आप्रवासी र स्थानीय कामदारहरूको ज्ञान, सिप र क्षमताको अधिकतम उपयोग सुनिश्चित गर्न ज्यालामा विभेद गरिने छैन ।

७४. सहकारी क्षेत्रको क्षमता विकास तथा नियमन गरी सुशासन कायम गरिनेछ । सहकारी संस्थाहरूमा सूचना प्रविधि तथा कोपोमिस र सहकारी शिक्षा तालिम सञ्चालन गरिनेछ ।

७५. विषयगत सहकारीहरूको एकीकरण गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ साथै उद्देश्य अनुरुप सहकारी संस्था सञ्चालन गर्न अनिवार्य गरिनेछ । सहकारी सञ्जाल तथा सहकारीहरूको सहकार्यमा सहकारी संस्थाहरूको क्षमता विकास कार्यक्रम, अनुभव आदानप्रदान, सम्मानका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७६. **"पर्यटकीय नगरी ठाकुरबाबा"** भन्ने नारा सहित पर्यटकीय क्षेत्रहरूको प्रचार प्रसार तथा प्रवर्द्धनका लागि सिमावर्ती शहरहरूमा अन्तरक्रिया, राष्ट्रिय, अन्तराष्ट्रिय मार्टहरूमा सहभागिता तथा विभिन्न क्षेत्रमा प्रख्यात कन्टेन्ट क्रियटरहरूमार्फत प्रचारमूलक सामाग्री तयार गरी प्रचार प्रसार गरिनेछ ।

७७. नगरपालिका भित्रका प्रमुख पर्यटकीय गन्तब्यहरूमा संरचना निर्माण, सडक किनार हरियाली तथा पार्क निर्माण, पर्यटकलाई आकर्षित गर्ने र बर्दियाको पहिचान झल्काउने खालका विभिन्न चोकहरू निर्माण र सौन्दर्यीकरका क्रियाकलापहरू गरी पर्यटकहरूको आकर्षण बृद्धि गरिनेछ ।

७८. नगरपालिकाका प्रमुख सडकहरूमा पुग्नुपर्ने गन्तव्यबोध सहजताका लागि कलात्मक मार्ग सूचक बोर्ड राखिनेछ । आन्तरिक पर्यटन प्रवर्द्धनका लागि वडा नं. २ र ८ मा शुरु गरिएको बनभोज स्थललाई थप व्यवस्थित गरिनेछ । विभिन्न वडाहरूका सामुदायिक वनमा रहेका पोखरीलाई स्तरउन्नति गरी आम्दानी तथा सिचाइसँग जोडिनेछ र वडा ९ को हात्तीसारमा जलाशय निर्माणको काम अगाडि बढाइनेछ ।

७९. बर्दिया राष्ट्रिय निकुञ्ज तथा अन्य साझेदार संस्थाहरूसँगको सहकार्यमा पर्यटकीय पूर्वाधार विकास, दक्ष जनशक्ति तालिम र रैथाने खानाको संरक्षण र प्रवर्द्धनका लागि रैथाने खाना तथा सांस्कृतिक महोत्सव आयोजना गरिनेछ ।

८०. पुरातात्विक महत्वका हिसाबले ठाकुरद्वारा मन्दिरको समुचित संरक्षण गर्न आवश्यक देखिएकोले मन्दिर क्षेत्रमा कुनै पनि नयाँ संरचना निर्माण नगर्न, मेला, कार्यक्रम, वनभोज जस्ता कार्यक्रम नगर्न विभागबाट निर्णय समेत भएको हुँदा सो कार्यलाई कडाईका साथ लागू गरिनेछ तर धार्मिक तथा पुरातात्विक पर्यटन क्षेत्रको रूपमा प्रचार प्रसार गरी पर्यापर्यटनको माध्यमबाट लाभ लिन सक्ने गरी सो क्षेत्रको विकास गर्दै लगिनेछ ।

८१. पर्यटकीय गतिविधिहरू बढाउन संघ तथा प्रदेश सरकारको समन्वयमा ठूला जलाशय निर्माण, ऐतिहासिक रेलवे लाईन संरक्षण, ठाकुरद्धारादेखि मधुवन जोड्ने गरी विभिन्न सामुदायिक वनहरूमा सफारी मार्ग, ऐतिहासिक पुरातात्विक महत्वका स्थानहरूको नियमित खोज अनुसन्धान तथा पर्यटकीय नगरपालिका घोषणाका लागि आवश्यक पहल गरिनेछ ।

८२. होमस्टेहरूको गुणस्तर विकासका लागि होमस्टे व्यवस्थापन तालिम सञ्चालन गरिनेछ ।

८३. ठाकुरद्धारा मन्दिर लगायत स्थानीय मठमन्दिर, चर्च, गुम्बाहरूको संरक्षण, सम्वर्द्धनका कार्यहरू गरिनेछ । नगरपालिकाका विभिन्न स्थानमा रहेका बरपपिलका रुखहरूमा स्थानीयसँगको साझेदारीमा चौतारी निर्माण कार्य गरिनेछ ।

८४. बर्दियाको कोशेलीका रूपमा थप उत्पादन तयार गर्न ढुंगा तथा काठका कलात्मक आकृति निर्माण गर्ने तालिम प्रदान गरिनेछ ।

८५. भूमि समस्या समाधानका लागि भूमिहीन दलित तथा सुकुम्बासी र अव्यवस्थित बसोवासीको जग्गा नाप जाँचका कार्यहरूलाई तीब्र बनाइनेछ। कानून बमोजिम जग्गा वितरणका लागि आवश्यक पर्ने कार्यहरूका लागि श्रोत तथा जनशक्तिको व्यवस्थापन गरिनेछ ।

८६. सार्वजनिक, ऐलानी, पर्ती, नदी उकास, नदी किनार तथा सरकारी जग्गाहरूको अभिलेख अद्यावधिक गरी सोको संरक्षण, संवर्द्धन तथा उपयोग गरिनेछ । नगरपालिकाको पहलमा लामो समयदेखि कार्यान्वयन नभएको साविक ठाकुरद्वारा गा.वि.स. को सर्भे नापी कार्यान्वयन भई सकेको छ भने साविक नेउलापुर गा.वि.स. को पुनः दर्ता र बगनाहा गा.वि.स. को पुनः सर्भे नापी कार्य अगाडि बढाउन आवश्यक समन्वय गरिनेछ ।

८७. सार्वजनिक निजी साझेदारी सञ्चालित परियोजनाहरूको अनुगमन, नियमन र मूल्याङ्कनको संस्थागत प्रबन्ध गरी परियोजनाको प्रभावकारितामा बृद्धि गरिनेछ ।

८८. **"उज्यालो शहर : मेरो गाउँघर"** कार्यक्रम सञ्चालन गरिने छ । सार्वजनिक नीजि साझेदारीमा १ मेघावाट शौय उर्जा निर्माणका लागि आवश्यक कार्य अगाडि बढाइनेछ ।

८९. संस्थागत सामाजिक उत्तरदायित्व (CSR) अन्तर्गत बैंक तथा वित्तीय संस्थाहरू र गैरसरकारी संघसंस्थाहरू, समिति तथा सामुदायिक वन समूहसँगको सहकार्यमा कार्यक्रम सञ्चालन गरिनेछ ।

९०. सडक दुर्घटना न्यूनीकरण, सौन्दर्यीकरण र सडक सुरक्षाका लागि मुख्य सडकहरू चौडीकरण, वृक्षारोपण, सडक बत्ती तथा सि.सि. क्यामरा जडानका कार्यहरू गरिनेछ। सङ्घीय सरकारसँगको समन्वयमा पूर्व-पश्चिम राजमार्ग अन्तर्गतको सैनवार-रानीपुर खण्ड चार लेन बनाइने र पूर्वपश्चिम राजमार्ग र हुलाकी राजमार्ग जोड्ने चार लेनको सैनवार-बावनपुर सडक निर्माण गरिनेछ ।

९१. सडक गुरुयोजना नबनेका कारण कतिपय बाटोहरूको स्पष्ट मापदण्ड नहुँदा नक्सा पास प्रक्रियामा केही समस्या परेकोले, यस आर्थिक बर्षमा सडक यातायात गुरुयोजना निर्माण भएको हुँदा आगामी आर्थिक बर्षको पहिलो ६ महिनाभित्र घरनक्सा पास गर्नेलाई जरिवाना छुटको व्यवस्था गरी नक्सा पास कार्यलाई अनिवार्य गरिनेछ । ऊर्जा प्रभावकारी भवन (Energy Efficient Building) निर्माण गर्न प्रोत्साहन गरिनेछ र त्यस्ता भवन निर्माण गर्न सक्ने गरी स्थानीय जनशक्तिलाई तालिम प्रदान गरिनेछ ।

९२. यातायात व्यवस्था कार्यालयसँगको समन्वयमा अटो तथा इ-रिक्सा दर्ता व्यवस्थापन गरिनेछ ।

९३. नगर क्षेत्रभित्र निर्माण भएका बाटोको थप क्षती हुन नदिन तथा पुराना बाटोहरूको मर्मत गर्न मर्मत सम्भार कोषको व्यवस्था र आवश्यक उपकरण खरिद गरी मर्मत कार्य गरिनेछ ।

९४. काठे पुल विस्थापन कार्यलाई निरन्तरता दिइनेछ । नदी कटान समस्या रोक्न र थप क्षति हुन नदिन तटबन्धन, जैविक बार तथा वन्यजन्तुबाट हुने बालीनाली तथा धनजनको क्षति रोक्न पक्की पर्खाल निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

९५. नगरपालिकाको मुख्य बजार क्षेत्रहरूमा सञ्चालित सघन शहरी विकास कार्यक्रम अन्तर्गत एकीकृत शहर पूर्वाधार विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ। ठाकुरबाबा नगरपालिकाका विभिन्न वडाहरूमा एकीकृत बस्ति विकास कार्यक्रम सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

९६. आम्वासा, ओरही, खौराहा जरही तथा निकुञ्ज क्षेत्र भएर बस्तिमा आउने खोलाबाट हुने क्षति न्यूनीकरण गर्न नदी नियन्त्रणका कार्यहरू गरिनेछ। **"ढकमक्क बाटो : हराभरा ठाकुरबाबा"** नगर हरियाली प्रवर्धन कार्यक्रम बन वातावरण संरक्षणको कार्य समन्वयात्मक ढङ्गले अघि बढाइने छ।

९७. वन स्रोतको दिगो उपयोग गर्न सरोकारवालाहरूसँग समन्वय तथा सहकार्य गरिनेछ। ठाकुरबाबा नगरपालिकाको वन ऐन, २०८१ को कार्यान्वयन सामुदायिक वन उपभोक्ता समितिको सूचीकरण तथा व्यवस्थापन गरिनेछ।

९८. पारिस्थितिक प्रणालीको सन्तुलनका लागि नगरपालिकामा रहेका जलाधार क्षेत्रहरूको संरक्षण र विस्तार गरिनेछ। तथ्याङ्क सङ्कलन तथा अद्यावधिक तालहरूको संरक्षण र विस्तार तालहरूलाई बहुउपयोगी बनाई कृषि तथा पर्यटन प्रवर्धन गरिनेछ।

९९. संघ सरकारसँगको समन्वयमा वडा नं. २ बलातीमा प्राणी उद्यान निर्माण कार्यका लागि आवश्यक पहल गरिनेछ।

१००. जलवायु जोखिमको न्यूनीकरण र समुदायस्तरमा अनुकूलनका लागि सङ्घीय सरकार, प्रदेश सरकार तथा विकासका साझेदारहरूसँगको साझेदारीमा कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ।

१०१. **"पहिलो गुहार : स्थानीय सरकार"** को अभियान सञ्चालन गरिनेछ। विपद्को पूर्व कार्य, प्रति कार्य र पुनर्स्थापना सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन सङ्घ, प्रदेश र अन्य सरोकारवालाहरू सहकार्य गरी पूर्व सूचना प्रणालीलाई प्रभावकारी बनाइने छ।

१०२. प्लाष्टिकका प्लेट, थाल तथा झोलाहरूको प्रयोगलाई निरुत्साहन तथा जैविक सामाग्रीहरूको उत्पादन र प्रयोग बढाइनेछ।

१०३. राहत वितरण कार्यलाई एकद्वार प्रणालीबाट कार्यान्वयन गरिनेछ। आपतकालीन कार्य सञ्चालन केन्द्रको संस्थागत क्षमता विकास र परिचालनलाई व्यवस्थित तथा प्रभावकारी बनाइने छ।

१०४. नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रवर्धन गर्नका लागि आवश्यक सहयोग तथा अनुदान प्रदान गरिनेछ। नवीकरणीय ऊर्जा प्रवर्धन केन्द्रसँगको सहकार्यमा विद्युतीय चुलो, सुधारिएको चुलो र गोबर ग्याँस निर्माणमा अनुदान प्रदान गरिनेछ। **"एक घर : एक विद्युतीय चुलो"** कार्यक्रम कार्यान्वयन गरिनेछ।

१०५. विपद् प्रतिकार्य तथा जलवायु उत्थानशीलता तथा विपद्मैत्री पूर्वाधार निर्माण गरिनेछ। विपद् प्रतिकार्य योजना अद्यावधिक गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।

१०६. **"सुरक्षित पानी, सबैको सरोकार : सबैको जिम्मेवारी"** भन्ने मूल मर्मसहित सुरक्षित खानेपानीका लागि सार्वजनिक संस्थाहरूमा खानेपानी प्रणाली जडान नियमित परिक्षण विद्यालयमा शुद्ध खानेपानीको व्यवस्थापन तथा खानेपानी प्रणाली मर्मत गरिनेछ। स्वच्छ खानेपानी तथा शौचालयमा नागरिकको पहुँच बृद्धि गर्नका लागि निर्माणाधीन खानेपानी आयोजनाहरू सम्पन्न गर्न पहल गरिनेछ। पूर्ण हात धुने कार्यक्रमको निरन्तरताका लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१०७. खानेपानी संस्थाहरूमा देखिएको वेथिति अन्त्य गर्न खानेपानी संस्थाहरू अनिवार्य रूपमा नगरपालिकामा दर्ता गर्नुपर्ने, नियमित रूपमा लेखापरीक्षण गरी नगरपालिकामा पेश गर्ने, खानेपानीको शुल्क बापत उठाइएको रकम नियम अनुसार नगरपालिकामा जम्मा गर्नु पर्ने कार्यलाई अनिवार्य रूपमा लागू गरिनेछ।

१०८. स्वास्थ्य संस्थाजन्य तथा ठोस फोहरमैलाको वर्गीकरण, सङ्कलन तथा व्यवस्थापनलाई प्रविधिमैत्री तथा प्रभावकारी बनाइनेछ। फोहरबाट मोहर कार्यक्रम सञ्चालन गर्नका लागि फोहरमैला व्यवस्थापन तथा प्रशोधन केन्द्र निर्माण गरी सञ्चालन गरिने छ।

१०९. पूर्वाधार निर्माण तथा घर नक्सा पास गर्दा समेत विपद् उत्थानशीलता, वातावरणमैत्री तथा जलवायु अनुकूलनका पक्षहरूलाई कार्यान्वयन गर्न मापदण्ड संशोधन गरी कार्यान्वयन गरिने छ । जलवायु परिवर्तन अनुकूलनमैत्री जीवनशैली तथा प्रणालीको विकास तथा विस्तार गरिने छ ।

११०. सेवा प्रवाहलाई निष्पक्ष, पारदर्शी, पहुँचयोग्य, सहज र छिटोछरितो बनाउन विद्युतीय शासन (e-governance) अबलम्वन तथा विस्तार गरिनेछ । नगरपालिकामा एकल सेवा बिन्दु निर्माण गरी सञ्चालन गरिने छ ।

१११. नागरिक सहभागितामा नगरपालिकाका सेवाहरूलाई डिजिटल माध्यमद्वारा सहज तथा सरल बनाइनेछ । मोबाइल एप, टोल फ्रि नम्बर, निःशुल्क अटो सेवा, सामाजिक सञ्जाल विकास गरी थप प्रभावकारी रूपमा सञ्चालन गरिने छ । डिजिटल शिक्षा, सिप र पहुँचमा बृद्धि गर्न डिजिटल साक्षरता एवम् साइबर सुरक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

११२. नगरपालिका अन्तर्गत वडा कार्यालयहरू, विद्यालय र स्वास्थ्य संस्थामा रहेका विद्युतीय हाजिरी प्रणाली एवम् सि.सि.टि.भि. प्रणालीलाई एकिकृत गरी थप सुदृढ गरिनेछ ।

११३. विद्युतीय माध्यमको प्रयोग मार्फत गुनासो व्यवस्थापन प्रणालीलाई व्यवस्थित एवम् प्रभावकारी बनाइनेछ ।

११४. राजश्व संकलन प्रणालीमा अनलाईन मार्फत राजश्व भुक्तानीका लागि आवश्यक व्यवस्था मिलाईनेछ । एकीकृत तथ्याङ्क व्यवस्थापन प्रणाली मार्फत नगरपालिकाको डाटा प्रणालीलाई सुरक्षित र व्यवस्थित बनाइनेछ ।

११५. सार्वजनिक खर्चलाई मितव्ययी, पारदर्शी, प्रभावकारी र नतिजामूलक बनाइनेछ । चालु खर्चलाई वाञ्छित सीमाभित्र राखिने छ । वार्षिक बजेटमा पूँजीगत खर्चको अनुपात बृद्धि गरिने छ । बजेट विनियोजनमा कुशलता र खर्चमा दक्षता कायम गरिने छ । मूल्यको सार्थकता र लागत लाभ विश्लेषण गरी सार्वजनिक स्रोतको परिचालन गरिने छ ।

११६. वार्षिक खरिद गुरुयोजना, वार्षिक खरिद योजना र कार्यक्रम कार्यान्वयन कार्ययोजनाको आधारमा स्रोत सुनिश्चित भएका योजनाहरू सार्वजनिक खरिद ऐन बमोजिम हुने गरि खरिद सम्बन्धी सम्पूर्ण कार्य पहिलो त्रैमासिक अविधिभित्र सम्पन्न गरिने छ ।

११७. सार्वजनिक निर्माण कार्यलाई थप व्यवस्थित गुणस्तरिय समयावधि मै सम्पन्न गर्न सम्बन्धित निर्माण व्यवसायीहरूलाई प्रोत्साहन र दण्डको नीतिलाई थप प्रभावकारी बनाईने छ । विविध कारणवस समयमै निर्माण कार्य सम्पन्न गर्न नसकेको अवस्थामा कारण मुनासिव देखिएमा जरिवाना (Liquidity Damage) सहित प्रचलित कानुन अनुसार म्याद थप गर्न सकिने अन्यथा ठेक्का बन्दोवस्त गरी प्रचलित कानुन अनुसारको कारबाही प्रक्रियालाई थप व्यवस्थित र प्रभाकारी बनाईने छ ।

११८. यस नगरपालिकामा दर्ता भएका "घ" वर्गका निर्माण व्यवसायीहरूले नगरपालिकाका योजनाहरू अलपत्र पारेको भए निजहरूको ईजाजतपत्र नवीकरण नगर्ने र त्यस्ता निर्माण व्यवसायीहरूलाई मूल्याङ्कन प्रक्रियामा सहभागी नगराउने नीति लिइनेछ ।

११९. **"हाम्रो अनुशासन : पालिकाको सुशासन"** अभियानलाई निरन्तरता दिँदै थप प्रभावकारी बनाइने भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता अपनाइने छ । आवधिक रूपमा कार्यालयबाट प्रदान गरिएको सेवा तथा सार्वजनिक सरोकारको सूचना तथा विषयको बारेमा स्वतः प्रकाशन तथा नगर प्रवक्ताबाट जानकारी गराइनेछ ।

१२०. अनुगमन तथा मूल्याङ्कनलाई सूचकमा आधारित तथा वस्तुनिष्ट बनाउन आवश्यक मापदण्ड तथा ढाँचा निर्माण गरी नतिजामा आधारित बनाइने छ ।

१२१. सेवाको गुणस्तर सुनिश्चितताका लागि सेवा प्रवाह सूचकसहितको सेवाग्राही सन्तुष्टि मापन गरिने नियमित रूपमा सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण, कार्यालयको व्यवस्थापन परीक्षण लगायतका कार्यहरू सञ्चालन गरिने छ ।

१२२. नगरपालिकाको सेवा प्रवाहलाई सरल र सहज बनाउन आन्तरिक सञ्चार प्रणालीलाई मजबुत बनाई शाखागत सहयोग र समन्वयलाई प्रभावकारी बनाइने छ । ज्येष्ठ नागरिकसँग जनप्रतिनिधि, घुम्ती स्थानीय सरकार र जनतासँग जनप्रतिनिधि कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१२३. **"जनप्रतिनिधि र कर्मचारीबीच सहकार्य : विकासका लागि दुबैको भूमिका अपरिहार्य"** लाई अभियानको रूपमा कार्यान्वयन गरिने छ । जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता विकास गरी निजहरूको दक्षता तथा कार्यकुशलता अभिबृद्धि गरिनेछ ।

१२४. आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी रूपमा कार्यान्वयन गरी आन्तरिक सुशासन कायम गरिने हरेक क्षेत्रमा नगरपालिकाले हासिल गरेको सफलता तथा उपलब्धिलाई कायम राख्दै सोको दस्तावेज तयार गरी असल अभ्यासको रूपमा प्रचारप्रसार र प्रवर्धन गरिने छ ।

१२५. सकारात्मक सोच, योग अभ्यास, ध्यान तथा जीवनशैली परिवर्तनका लागि विविध कार्यक्रमहरू सञ्चालन गरिने छ । नीति निर्माण, सार्वजनिक खरिद, कार्यालय सञ्चालन, लेखा प्रणाली लगायतका विषयमा जनप्रतिनिधि तथा कर्मचारीरुलाई विविध अनुशिक्षणात्मक कार्यक्रम सञ्चालन गरिने छ ।

१२६. सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण गरी आवश्यक जनशक्ति व्यवस्थापनका लागि समन्वय गरिने छ । पद सोपान तथा Right Man at a Right Place जस्ता कर्मचारीतन्त्रका मूल्यहरूको आधारमा कर्मचारीहरूको पदस्थापन एवम् परिचालन गरिने छ । नवनियुक्त कर्मचारीहरूको लागि सङ्गठनात्मक व्यवहार सम्बन्धी सेवा प्रवेश तथा कार्यरत कर्मचारीहरूको क्षमता विकासका लागि सेवाकालीन तालिमहरू सञ्चालन गरिने छ ।

१२७. प्रविधिमैत्री जनशक्ति निर्माणका लागि सूचना प्रविधिसम्बन्धी तालिम तथा कार्यक्रम सञ्चालन गरिने कर्मचारीहरूको मनोबल बढाउनका लागि योगदानका आधारित सामाजिक सुरक्षा तथा निवृत्तिभरण कोष र कार्य सम्पादनमा आधारित प्रोत्साहन कार्यक्रलाई निरन्तरता दिइने छ ।

१२८. नगरपालिकाको आन्तरिक प्रयोजनका लागि शिक्षक लगायत अन्य सरोकारवालाहरूको आन्तरिक मर्यादाक्रम निर्धारण गरी कार्यान्वयन गरिनेछ ।

१२९. न्यायिक समितिले गर्ने न्याय सम्पादनको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन वडा स्तरमा रहेका मेलमिलाप केन्द्रहरूलाई थप सक्रिय बनाइनेछ । यसका लागि न्यायिक समितिका पदाधिकारी र मेलमिलापकर्ताको क्षमता विकास तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ ।

१३०. नगरपालिकाभित्रका नागरिकहरूबाट प्राप्त भएको न्यायिक उजुरीलाई वडा मेलमिलाप केन्द्रबाट नै समाधान गर्ने नीति लिइनेछ । सुचिकृत मेलमिलापकर्ताहरूलाई वडास्तरमा विवाद समाधानका लागि परिचालन गरिनेछ । नगरपालिकाभित्रका सामुदायिक विद्यालय र समुदायस्तरमा न्यायिक पहुँच बृद्धिका लागि सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१३१. हिंसा पिडित विपन्न महिलाहरूको न्यायमा पहुँचका लागि न्यायिक समितिको क्षेत्राधिकारभित्र पर्ने विवादहरूका लागि निशुल्क कानूनी सेवा प्रदान गरिने छ। न्यायिक समितिको कार्य सम्पादनमा विद्युतीय प्रणालीको विकास गरी शिघ्र न्याय सम्पादन गरिनेछ ।

१३२. अन्तरपालिका तथा न्याय सम्पादनका सम्बद्ध निकायसँग अन्तक्रिया तथा अनुभव आदानप्रदान गरी न्यायिक समितिको कार्यसम्पादनलाई क्रमश परिष्कृत तथा पैरवी गर्न प्रदेशस्तरीय न्यायिक संवाद कार्यक्रम सञ्चालन गरिनेछ । घरेलु हिंसा, लैंगिक हिंसा तथा श्रमिकको ज्याला मजदुरी सम्बन्धी सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

अन्त्यमा,

ठाकुरबाबा नगरपालिकालाई जनअपेक्षा अनुरुपको सशक्त र प्रभावकारी स्थानीय सरकारको रूपमा विकास गर्न आवश्यक सहयोग गर्ने नेपाल सरकार, प्रदेश सरकार, जनप्रतिनिधि, विकास साझेदारहरू, विज्ञ सल्लाहकार समूह, निजी क्षेत्र, नागरिक समाज, विभिन्न संघसंस्था, सुरक्षाकर्मी, पत्रकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदाय, नगरवासी, बुद्धिजिवी र कर्मचारी वर्गमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। ठाकुरबाबा नगरपालिकालाई जनअपेक्षा अनुरुप विकासका चाहना पूरा गर्ने, स्थानीय सरकार र स्थानीयवासी बिचको सुमधुर सम्बन्ध कायम गर्ने, आधुनिक प्रविधि र मौलिक पहिचानको सम्मिश्रणवाट नगरलाई समुन्नत र सबल पालिका बनाउने हाम्रो दृढ सङ्कल्प अविचलित छ । यस अवसरलाई सदुपयोग गर्दै सम्पूर्ण नगरवासीलाई स्वच्छ, निष्पक्ष, न्यायपूर्ण र प्रतिबद्ध नेतृत्व प्रदान गरिनेछ । साथै नगरपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउन नेपाल सरकार, प्रदेश सरकार, विकास साझेदारहरू, निजी क्षेत्र, अन्तर्राष्ट्रिय दातृ समुदाय, नगरपालिकाका कर्मचारी र आम नगरवासीमा हार्दिक अपिल गर्दछु ।

धन्यवाद !

आर्थिक वर्ष २०८२/०८३ को बजेट वक्तव्य

अध्यक्ष महोदय,

यस गरिमामय नगरसभाका अध्यक्ष एवम् ठाकुरबाबा नगरपालिकाका प्रमुखज्यू, नगरसभाका सचिवज्यू, नगरसभाका सदस्यज्यूहरू, कर्मचारीहरू, पत्रकारज्यू सम्पूर्ण नगरवासी तथा स्वदेश तथा विदेशबाट यस कार्यक्रममा प्रत्यक्ष प्रसारणमार्फत जोडिनु भएका सम्पूर्ण शुभेच्छुक महानुभावहरूमा हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु ।

आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कमर्यक्रम प्रस्तुत गरिरहँदा मुलुकको आमूल परिवर्तनका लागि भएका विभिन्न आन्दोलन र संघर्षहरूमा आफ्नो अमूल्य जीवन बलिदान गर्नुहुने शहीदहरूलाई उच्च सम्मान तथा हार्दिक श्रद्धासुमन अर्पण गर्न चाहान्छु तथा घाइतेहरूको शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहान्छु ।

आज हामी ठाकुरबाबा नगरपालिकाको १७ औं अगरसभाको दोश्रो बैठकमा उपस्थित भएका छौं । यस बैठकमा आगामी आर्थिक वर्ष ०८२/०८३ को बजेट, आर्थिक विधेयक, विनियोजन विधेयक पेश गरी छलफल गर्ने क्रममा छौं । ठाकुरबाबाको मुहार परिवर्तन गर्न सङ्घीयताको मूल मर्म वमोजिम संघ, प्रदेश विभिन्न सरोकारवाला निकायबिच परस्पर सहयोग, सहकार्य र समन्वयमा कामहरू अगाडि बढाइरहेका छौं र आगामी दिनमा पनि ठाकुरबाबाको विकासका लागि निरन्तर रूपमा लागिरहने छौं ।

सभाध्यक्ष ज्यू,

ठाकुरबाबा नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को बजेट तर्जुमा गर्दा नेपालको संविधान, प्रचलित कानुन, नगर सभामा प्रस्तुत भएको आर्थिक वर्ष ०८२/०८३ को नीति कायक्रम , संघ, प्रदेश सरकारले अवलम्बन गरेका नीति, कार्यक्रम, बजेटलाई आधार मानी तयार गरिएको छ । बजेट तर्जुमाका सिलसिलामा स्थानीय राजश्व परामर्श समिति, अन्य विषयगत समितिहरू, विभिन्न सञ्जाल, समिति तथा विद्धत बर्ग, नागरिक समुदाय लगायत सबैबाट प्राप्त सुझावलाई आधार मानिएको छ ।

नेपालको संविधान जारी भए पश्चात राज्यको शासकीय संरचना ३ तहको सरकारबाट संरचित छ । स्थानीय सरकार जनताको सबैभन्दा नजिकको सरकार हो । स्थानीय सरकारको रूपमा ठाकुरबाबा नगरपालिकाले व्यवस्थापकीय, कार्यकारी र न्यायिक अधिकारको प्रयोग गर्दै आइरहेको छ । यस सम्मानित नगरसभामा बजेट तथा कार्यक्रम, आर्थिक विधिक, विनियोजन विधेयक पेश हुने भएकाले उक्त विधेयकहरूमा आम्दानी तथा खर्चका विस्तृत प्रस्तावहरू पेश हुनेछन् ।

सभाध्यक्षज्यू

अब म यस गरिमामय सभामा आगामी आर्थिक वर्ष ०८२/०८३ को बजेट प्रस्तुत गर्नुपूर्व चालु आवको बजेट कार्यान्वयन र केही महत्वपूर्ण उपलब्धिका विषयमा केहि वस्तुगत अवस्थाको तथ्याङ्क प्रस्तुत गर्न चाहान्छु ।

सर्वप्रथम म ठाकुरबाबा नगरपालिका संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्रमा देशकै उत्कृष्ट नगरपालिकाको रूपमा सम्मानित भएकोमा सबैलाई हार्दिक बधाई तथा धन्यवाद ज्ञापन गर्दछु ।

यसैगरी ऊर्जा प्रभावकारी भवन निर्माणमा नीतिगत व्यवस्था गरेका कारण सम्मानित भएका छौँ । साथै यसै वर्ष ७५ वटा उर्जा प्रभावकारी सुरक्षित आवास निर्माण गर्न सफल भएका छौँ ।

भर्खरै सम्पन्न बर्दिया जिल्ला स्तरिय राष्ट्रपति रनिंग शिल्ड प्रतियोगितामा १९ स्वर्ण सहित ठाकुरबाबा नगरपालिका प्रथम भएकोमा सबैलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

मुलुकको समग्र अर्थतन्त्रका समस्या एवम् चुनौतीको परिस्थितिलाई आत्मबोध गर्दै नगरपालिका भित्रको आर्थिक, सामाजिक र पूर्वाधार क्षेत्रको क्रियाकलापलाई गुणस्तरीय र सुशासनयुक्त बनाई नागरिकको मुहारमा खुशी ल्याउन हामीले चुनावका बखत प्रस्तुत गरिएका घोषणा-पत्रहरू समेतलाई आधार मानी आगामी आर्थिक वर्षको बजेट निर्देशित गरेको छु । साथै नेपालको संविधान, प्रचलित कानून, दिगो विकासका लक्ष्य, नगरसभाबाट पारित आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम एवम् संघ र प्रदेश सरकारले अवलम्बन गरे गरेका नीति, कार्यक्रम तथा बजेट समेतलाई आधार मानी बजेट तयार गरेको छु ।

स्थानीय सरकारको आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले नेपाल सरकारद्वारा स्वीकृत कार्य विस्तृतीकरण प्रतिवेदन, दीगो विकासका लक्ष्यहरू, नेपाल सरकारको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम र बजेट वक्तव्य, सोर्हौं योजना, लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम र बजेट वक्तव्य, प्रदेशको प्रथम आवधिक योजना, यस नगरपालिकाको आवधिक योजना, तथा १० वर्षे शैक्षिक विकास योजना, गरिमामय १७ औं नगरसभाबाट पारित आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र विभिन्न सरोकारवालाहरूबाट प्राप्त राय, सल्लाह र सुझाव समेतलाई आधार बनाएको छु ।

सभाध्यक्ष ज्यू तथा नगरसभा सदस्यज्यूहरू,

अब म नगरको चालु आर्थिक वर्षको बजेट कार्यान्वयन र आर्थिक स्थितिका बारेमा संक्षिप्त जानकारी गराउन चाहान्छु ।

नगरपालिकाको कार्य सञ्चालनमा आवश्यक पर्ने थप कानून, नीति, कार्यविधिहरू तयार भइसकेको, योजनावद्ध कार्यक्रम कार्यान्वयन गर्ने परिपाटीको विकास भइसकेको र २ बर्षको अनुभवले पूर्ण सक्षमताका साथ बजेट कार्यान्वयन गर्न सक्ने सीप, क्षमता र तत्परता समेत प्राप्त भएकोले नतिजा देखिने गरी कार्य सम्पादन गर्न सक्ने अवस्थामा पुगेका छौं ।

श्रावण महिनामा नै आवधिक योजना तथा गरिमामय नगरसभावाट स्वीकृत आ.ब. २०८२/०८३ नीति तथा कार्यक्रम र हामीले परिकल्पना गरेको **"समुन्नत ठाकुरबाबा : सवल नगरवासी"** को ध्येयलाई मुर्त रुप दिने गरी ऐन, नीति, नियममावली कार्यविधिको निर्माण गर्ने वा संशोधन गर्ने तथा नयाँ ठेक्का गर्नुपर्ने कार्यलाई श्रावण भित्र गर्ने र वडा तथा शाखागत कार्ययोजना समेत श्रावणमा नै सम्पन्न गरी साझेदार संस्थाहरूको कार्यक्रमलाई समावेश गरी एकिकृत कार्ययोजना बनाई सो आधारमा पूर्ण क्षमताका साथ कार्यक्रम तथा योजनाहरूलाई कार्यान्वयन गरिनेछ ।

निःशुल्क प्राप्त हुने औषधि, मर्मत संभार गनुपर्ने भौतिक संरचनाहरू, स्वास्थ्य बीमा तथा पशु र बाली बीमा शिक्षा र स्वास्थ्य सेवा प्रवाह जस्ता नागरिकको प्रत्यक्ष जीवनसँग जोडिएका संवेदनशील क्षेत्रमा अभाव र कमजोरी हुन नदिन सबै प्रकारका संयन्त्रहरू प्रिचालन गरिनुका साथै यी क्षेत्रमा कार्यनीति र जिम्मेवारी तोकि कार्यकुशलताको आधारमा पुरस्कार र दण्ड तथा क्षतिपुर्ति समेत गर्ने गरी प्रभावकारी कार्यान्वयन गरिने छ ।

पहिलो बर्ष सिकाईको बर्ष, अन्तिम बर्ष चुनावी बर्ष भएकाले यो बर्षलाई नीतिगत, कार्यनीतिगत, कार्यान्वयन सबै पक्षबाट सबै योजना तथा कार्यक्रमलाई नतिजामुखी र परिणाममुखी बनाउन सबै पक्षसँग समन्वय, सहकार्य र साझेदारी गरी धेरै विकासका आयोजनाहरू अगाडि बढाइएकोछ तर कार्यान्वयनमा अझै पनि चुनौती बाधा देखिएकाले सबै बाधा र अवरोधलाई दृढताका साथ सामना गर्दै कठोर निर्णय र सुन्य सहनसिलताका साथ कार्य अघि बढाईने छ ।

हाल देखिएको आर्थिक संकटका कारण बजेट कटौती तथा निर्माण व्यवसायीबाट समयमा कार्य सम्पादन हुन नसकि थपिएका आर्थिक दायित्वलाई परिपुरण गर्न खरिद ऐन र नियमावलीलाई कडाईका साथ कार्यान्वयन गरिनुका साथै समय सिमाभित्र योजना पूरा गर्नै पर्ने नीतगत व्यवस्था कडाईका साथ कार्यान्वयन गरिने छ ।

चालु आर्थिक वर्ष २०८१/०८२ को जेष्ठ मसान्त सम्ममा नगरपालिकाको कुल संशोधित बजेट विनियोजन रू.८७ करोड ९० लाख ४० हजार ५ सय ४४ रूपैयाँ मध्ये चालु तर्फ रू.५३ करोड ३९ लाख ४१ हजार ९ सय ४ रूपैयाँ विनियोजन भई खर्च रकम रू.३५ करोड ५४ लाख ३१ हजार १ सय ५१ अर्थात् कुल बजेटको ६६ प्रतिशत खर्च भएको छ भने पुँजीगत तर्फ रू.३४ करोड ५० लाख ९८ हजार ६ सय ४० विनियोजन भएकोमा खर्च रकम रू.१४ करोड ३१ लाख ५२ हजार ४ सय २४ अर्थात कुल बजेटको ४२ प्रतिशत खर्च भएको छ । जुन गत आर्थिक वर्षको सोही अवधिको भन्दा चालु तर्फ करिब ४ प्रतिशत खर्च कम र पुँजीगत तर्फ करिब ७ प्रतिशत खर्च बृद्धि भएको छ । तर ज्येष्ठ मसान्तसम्म कुल वास्तविक आय रू.७५ करोड १८ लाख ८८ हजार २० रहेको छ । जुन गत आर्थिक बर्पको सोही अवधिको भन्दा करिब ४ प्रतिशतले बढी हो ।

यसरी प्रस्तावित आय भन्दा बास्तविक आयमा केही सुधार देखिएता पनि सङ्घीय, प्रदेश समानिकरण अनुदान, राजस्व बाँडफाँडबाट प्राप्त हुने अनुमानित रकम र प्राप्त रकम बिचको खाडल बढ्दै चुनौतीपूर्ण आर्थिक दायीत्वको चापबाट नगरपालिका गुज्रिएको अवस्था रहेको छ ।

आर्थिक वर्ष ०८१/०८२ को लागि ८७ करोड ८८ लाख ५० हजार ५ सय ३२ रूपैयाँ प्रस्तावित गरिएकोमा जेष्ठ मसान्त सम्ममा ८७ करोड ९० लाख ४० हजार ५ सय ४४ को संसोधित बार्षिक बजेट मध्ये आय तर्फ रू.७५ करोड १८ लाख ८८ हजार र व्यय तर्फ रू.४९ करोड ८५ लाख ८३ हजार ५ सय ७५ समेत अनुमोदनका लागि यस गरिमामय सभामा पेश गरेको छु ।

सभाध्यक्षज्यू

चालु आ.ब. मा सम्पादित केही मुख्य कार्यक्रमहरू प्रस्तुत गर्दछु ।

यस नगरपालिकाको वडा नं. ३ नेउलापुरमा १५ शैयाको नगर अस्पतालको निर्माण सम्पन्न हुने चरणमा रहेको छ । नवनिर्मित भवनबाट सेवा सुचारु गर्न आवश्यक सामाग्री तथा जनशक्तिका लागि आवश्यक समन्वय तथा व्यवस्थापन गरिनेछ ।

सङ्घीय सरकारको विशेष अनुदान र नगरपालिकाको आन्तरिक श्रोतबाट चालु आर्थिक वर्षमा पूर्वाधार तर्फका धेरै योजनाहरू सम्पन्न भएका छन् । १७.८५ कि.मि. बाटो कालोपत्रे, २३ कि.मि. ग्राभेल, ४ कि.मि. नयाँ सडक निर्माण र ३.५ कि.मि. हात्ती छेकबारका पक्की पर्खाल निर्माणको कार्य सम्पन्न भएको छ ।

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत १ वटा विद्यालयको विद्यालय भवन निर्माण भएको, बिल्डअन र नगरपालिकाको लगानीमा ३ वटा विद्यालय भवन, प्रदेश सरकारको सहयोगमा २ वटा विद्यालय भवन तथा त्रिभुवन नमूना माध्यमिक विद्यालयमा नमुना विद्यालय कार्यक्रम तथा नगरपालिकाको श्रोत समेत लगानी गरी १ वटा भवन गरी ११ वटा विद्यालयमा ४३ वटा कक्षा कोठा निर्माण सम्पन्न गरिएको छ ।

सार्वजनिक शिक्षालाई सबैबाट रोजिने र खोजिने बनाउन आवश्यक नीतिगत र संरचनागत विकास गरी ४ जना जनशक्ति सहितको विद्यालय सहायता संयन्त्र तयार गरी कार्यान्वयन गरिएको छ ।

नेपालका ३३ वटा र लुम्बिनी प्रदेशको ११ वटा पालिकामा ईन्स्योर प्रोजेक्टको सहयोगमा सञ्चालित यूवाहरूलाई दिगो तथा सम्मानित रोजगारीका लागि सि.टि.भि.टि. लेभल २ को ३६९६ घण्टे ६ वटा विषय क्षेत्रको तालिमहरू सञ्चालन गरिएको छ । २ वटा विषयहरूमा निरन्तर तालिम सञ्चालन भैरहेको छ ।

आधारभूत नगर अस्पतालमा २ जना मेडिकल अधिकृत सहित ३७ जनशक्ति व्यवस्थापन गरी २४ घण्टा ईमरजेन्सी सेवासँगै बिरामी भर्ना सहितको अन्तरंग सेवाहरू विस्तार गरिएको छ । भेन्टीलेटर सहितको सर्पदंश उपचार सेवा, गर्भवतीका लागि निशुल्क भिडियो एक्सरे सेवा, रेविज खोप सेवा, साप्ताहिक रूपमा विशेषज्ञ सेवाहरू प्रदान गरिदै आएको छ । अस्पतालबाट जेठसम्म १५१३९ जनाले सेवा प्राप्त गरेका छन् । आधारभूत नगर अस्पतालबाट स्वास्थ्य बीमा लगायतका सेवा विस्तार भएपछि सबै नागरिकको स्वास्थ्य सेवामा पहुँच पुगेका कारण दिर्घरोगीको सङ्ख्यामा कमि आएको कुरा तथ्याङ्कले देखाएको छ ।

आधारभूत नगर अस्पतालबाट स्वास्थ्य बीमा शुरु गरेपछि स्वास्थ्य सेवा सबै नागरिकको पहुँचमा पुग्न सकेको छ । आधरभूत नगर असपतालबाट ८९४८ जनाले स्वास्थ्य बीमाको सेवा लिनु भएको छ ।

मुटु मृगौला र क्यान्सर रोगको उपचारार्थ गत वर्ष १२० जनालाई सिफरिस गरिएकोमा यस वर्ष सो सङ्ख्या घटी ८० जना रहेको छ । यसै गरी गत वर्ष १४० जना दिर्घरोगीलाई लागि मासिक रू.५०००/- का दरले औषधोपचार उपलब्ध गराईएको थियो भने यस वर्ष सो सङ्ख्या घटि ९५ जनालाई मात्र दिर्घरोगी विपन्न नागरिक उपचार खर्च उपलब्ध गराइएको छ ।

दिर्घरोगमा नसमेटिएको थालसेमियाका १० जना बिरामीलाई आफ्नै स्रोतबाट मासिक रू.३०००/- का दरले उपलब्ध गराईएको छ । आधारभूत नगर अस्पतालबाट निशुल्क रेविज खोप लगाउने शुरु गरेकोमा हालसम्म १७९९ जनाले रेविज खोप सेवा, सर्पदंश उपचार सेवा शुरु गरेपछि ३७ जनाले सर्पदंश उपचार सेवा, १०६३ जनाले रक्तदान गर्नु भएको छ ।

नागरिकलाई सरल, सहज किसिमले राष्ट्रिय परिचय पत्र वितरण गर्न सञ्चालन गरिएको शिविरबाट ४८२४ जनाले सेवा प्राप्त गर्नु भएको छ । ठाकुरबाबा नगरपालिकाबाट ४२२४ सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूलाई सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ ।

कृषकहरूको कृषि उपजको बजारीकरण तथा उचित मूल्य प्राप्तिका लागि सहकारीमार्फत खरिद कार्य शुरु गरिएकोमा यस वर्ष ८५.१९ टन धान खरिद भएको छ भने कृषि तथा पशु विकासमा आधारित साना किसान तथा यूवा उद्यमशीलता परियोजना नगरपालिकाका ९ बटै वडामा लागु गरी कृषि र पशुको व्यवसायिक उत्पादन र बजारीकरणको कार्य शुरु गरिएको छ ।

अध्यक्ष महोदय,

अब म गरिमामय सभा समक्ष आ.ब. ०८२/०८३ को बजेटको कानुनी तथा नीतिगत आधारहरू प्रस्तुत गर्न चाहान्छु ।

नगर क्षेत्रको समग्र आर्थिक, सामाजिक, सास्कृतिक र पूर्वाधार लगायतको विकासका लागि एक आर्थिक बर्ष भित्र गर्ने खर्च र सोको व्यवस्थापनका लागि चाहिने आयका श्रोत उल्लेख भएको महत्वपूर्ण दस्तावेज बजेट हो । बजेट मार्फत नगरपालिकाले खर्चको प्राथमिकता निर्धारण गर्नुका साथै न्यायोचित कर प्रणाली स्थापना र योजना कार्यान्वयनको स्पष्ट खाका समेत प्रस्तुत गर्दछ । तसर्थ, बजेट तर्जुमा गर्दा निश्चित कानुनी तथा नीतिगत आधार लिन जरुरी छ । त्यसैले ठाकुरबाबा नगरपालिकाले आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट तर्जुमा गर्दा देहायका कानुनी तथा नीतिगत आधार लिइएको छ ।

- नेपालको संविधानको सान्दर्भिक धाराहरू,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- नगरसभा र नगर कार्यपालिकाले स्वीकृत गरेका ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड र नीतिगत निर्णयहरू,
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ का सान्दर्भिक दफाहरू,
- सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ का सान्दर्भिक दफाहरू,
- सङ्घीय सरकारको १६ औं आवधिक योजना
- लुम्बिनी प्रदेश सरकारको दोस्रो आवधिक योजना, आ.ब. (२०८१/०८२ देखि आ.ब. २०८५/०८६),
- नगरपालिकाले तर्जुमा गरेको आवधिक योजना, मध्यकालिन खर्च संरचना (२०७९/०८०-२०८१/०८२) को खाका, क्षमता विकास योजना (आ.ब. २०७८/०७९-२०८१/०८२) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ऐन, राजश्व सुधार योजना आदि,
- ठाकुरबाबा नगरपालिकाको पार्श्वचित्र (प्रोफाइल),
- नगरपालिकाले तर्जुमा गरेको कृषि विकास रणनीति, २०८०
- दिगो विकासका लक्षहरू र नेपाल सरकारले अन्तर्राष्ट्रिय स्तरमा जनाएका विभिन्न प्रतिबद्धताहरू,
- नगरपालिकाको प्रमुख समस्या, सम्भावना र चुनौतीहरू,
- समपुरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ का सान्दर्भिक दफाहरू,
- बजेट प्रस्तुतिको साथमा एकै साथ पेश हुने विनियोजन तथा आर्थिक विधेयक,

सम्मानित नगर सभाको एघारौं अधिवेशनबाट अनुमोदित ध्येय **"समुन्नत ठाकुरबाबा ; सबल नगरवासी"** को सपना साकार गर्न आर्थिक वर्ष २०८२/०८३ का लागि प्रस्तावित बजेटको उद्देश्य तथा प्राथमितकताहरू देहाय बमोजिम रहेका छन् ।

(क) गुणस्तरीय तथा निःशुल्क शिक्षा, स्वास्थ्य लगायत सामाजिक सेवाको विकास र विस्तार
(ख) कृषि र पशु क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धि र बजारीकरण
(ग) कृषि तथा पर्यटन क्षेत्रको विकासबाट रोजगार सिर्जना
(घ) खानेपानी सरसफाई
(च) सिंचाई खानेपानी तथा सरसफाई व्यवस्थापन
(छ) सार्वजनिक सेवा प्रवाह र संरचनागत जनशक्ति व्यवस्थापन
(ज) जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास र सुशासन प्रवर्धन

अध्यक्ष महोदय,

अब म आ.ब. २०८२/०८३ को प्रस्तावित बजेटसहित क्षेत्रगत कार्यक्रम तथा बजेट प्रस्तुत गर्न गइरहेको छु।

आ.ब. ०८२/०८३ को लागि रू.९९ करोड ५८ लाख १८ हजार ६ सय ०९ रूपैयाँको बजेट प्रस्ताव गरिएको छ। जुन अघिल्लो आर्थिक बर्षको प्रस्तावित बजेट भन्दा ११.७५ प्रतिशतले बढी हो। प्रस्तावित बजेट मध्ये ५२ करोड ४३ लाख २३ हजार ५ सय १९ रूपैयाँ अर्थात ५२.६५ प्रतिशत चालु र पुँजीगत तर्फ ४६ करोड १४ लाख ९५ हजार ० सय ९० रूपैयाँ अर्थात् ४७.३५ प्रतिशत विनियोजन गरेको छ। चालु आर्थिक बर्षमा चालु तर्फको बजेट कुल बजेटको आकारको आधारमा ५८ प्रतिशत विनियोजन भएकोमा आगामी आर्थिक बर्ष ५२.६५ प्रतिशत विनियोजन गरिएको छ। भने विकास निर्माण एवम् पुँजीगत तर्फ ४२ प्रतिशत विनियोजन भएकोमा आगामी आर्थिक बर्ष ४७.३५ प्रतिशत रकम विनियोजन गरेको छु।

आगामी आर्थिक बर्षको बजेटको स्रोत तपसिल बमोजिम रहेको छ।

आ.व. २०८२/०८३ को बजेटको स्रोत अनुमान		
सि.नं.	**बजेटको स्रोत**	**बजेट**
	सङ्घीय सरकार	
१	सङ्घीय सरकार समानीकरण अनुदान	१३,५१,००,०००
२	सङ्घीय सरकार सशर्त अनुदान	२७,६६,००,०००
३	सङ्घीय सरकार समपूरक अनुदान	७,२१,००,०००
४	सङ्घीय सरकार विशेष अनुदान	३,२९,००,०००
५	सङ्घीय सरकार राजस्व बाँडफाँट	११,०९,९७,८२८
६	वन क्षेत्रको रोयल्टी	१२,०२,०००
	जम्मा अनुदान	**६२,८८,९९,८२८**
	बाँडफाँट गर्न मिल्ने रकम	**२४,७२,९९,८२८**
	प्रदेश सरकार	
१	प्रदेश सरकार समानीकरण अनुदान	९३,९३,०००
२	प्रदेश सरकार सशर्त अनुदान	१,१०,००,०००
३	प्रदेश सरकार समपुरक अनुदान	१,२०,००,०००

आ.व. २०८२/०८३ को बजेटको स्रोत अनुमान		
सि.नं.	बजेटको स्रोत	बजेट
४	प्रदेश सरकार विशेष अनुदान	०
५	प्रदेश सरकार राजस्व बाँडफाँट	१,३६,७१,०००
जम्मा अनुदान		**४,६०,६४,०००**
बाँडफाँट गर्न मिल्ने रकम		**२,३०,६४,०००**
स्थानीय सरकार		
१	आन्तरिक राजस्व	१०,४४,८०,०००
२	आ.ब. २०८१/०८२ को खर्च गर्न बाँकी मौज्दात (अ.ल्या.)	२१,६३,७४,७८१
कुल बजेट		**९९,५८,१८,६०९**
कुल बाँडफाँट गर्न मिल्ने		**५९,१२,१८,६०९**

अध्यक्ष महोदय,

अब म क्षेत्रगत विनियोजन प्रस्तुत गर्न चाहान्छु ।

सङ्घीय र प्रदेश सरकारबाट यस नगरपालिकाका लागि विनियोजित बजेट तथा नगरपालिकाको आन्तरिक स्रोत समेतका आधारमा बाँडफाँड गर्न सकिने बजेटबाट (सशर्त र समपुरक बाहेकको बजेट) क्षेत्रगत बजेट बाँडफाँड तपसिल अनुसार गरिएको छ ।

क्र.सं.	संकेत	शीर्षक	विनियोजन
१	२	आर्थिक विकास	५,८०,७२,९९०.००
१	२०१	कृषि	३,१६,८०,०००.००
२	२०२	उद्योग	२०,५०,०००.००
३	२०३	पर्यटन	४९,००,०००.००
४	२०४	सहकारी	३,००,०००.००
५	२०६	जलश्रोत तथा सिंचाई	१०,००,०००.००
६	२०८	पशुपन्छी विकास	१,७१,९२,९९०.००
७	२०९	भूमि व्यवस्था	८,००,०००.००
८	२१०	वाणिज्य	१,५०,०००.००
२	७	सामाजिक विकास	३७,८१,७६,७०९.००
१	७०२	सामाजिक सुरक्षा तथा संरक्षण	५८,११,०००.००
२	७०३	यूवा तथा खेलकुद	३६,०६,६९६.००
३	७०४	खानेपानी तथा सरसफाई	१,००,०००.००
४	७०५	भाषा तथा संस्कृति	३२,६४,७८०.००

क्र.सं.	संकेत	शीर्षक	विनियोजन
५	७०६	शिक्षा	२३,९८,०४,९८३.००
६	७०७	स्वास्थ्य	४,८९,०५,२५०.००
७	७०८	लैंगिक समानता तथा सामाजिक समावेशीकरण	७,६६,८४,०००.००
३	३	पूर्वाधार विकास	३१,२७,०४,६००.००
१	३०१	यातयात पूर्वाधार	१८,४२,३८,९००.००
२	३०२	भवन, आवास तथा सहरी विकास	१२,३८,७८,७००.००
३	३०३	उर्जा	११,९०,०००.००
४	३०६	पुननिर्माण	४,९७,०००.००
५	३०७	सम्पदा पूर्वाधार	२९,००,०००.००
४	४	सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र	४,१४,६३,०३८.००
१	४०१	शासन प्रणाली	२,२५,४५०.००
२	४०३	प्रशासकीय सुशासन	६३,२५,९८८.००
३	४०५	कानुन तथा न्याय	१८,२१,६००.००
४	४०६	शान्ति तथा सुव्यवस्था	१४,५०,०००.००
५	४०९	श्रम तथा रोजगारी	१८,५०,०००.००
६	४१२	योजना तर्जुमा र कार्यन्वयन	१०,००,०००.००
७	४१३	अनुगमन तथा मूल्याङ्कन	५०,०००.००
८	४१४	तथ्याङ्क प्रणाली	५,००,०००.००
९	४१५	वातावरण तथा जलवायु	१,१६,००,०००.००
१०	४१६	मानव संशाधन विकास	२६,६०,०००.००
११	४१७	विपद व्यवस्थापन	१,३९,८०,०००.००
५	१	कार्यालय सञ्चालन तथा प्रशासनिक	२०,५४,०१,२७२.००
१	१०१	कार्यालय सञ्चालन तथा प्रशासनिक	२०,५४,०१,२७२.००
कुल जम्मा			**९९,५८,१८,६०९.००**

उल्लेखित मध्ये बाँडफाँड गर्न मिल्ने बजेट बजेट रू.५९ करोड १२ लाख १८ हजार ६०९ रूपैयाँलाई प्राथमिकताका आधारमा तपशिल अनुसार विनियोजन गरिएको छ । माथि उल्लेखित बजेट सशर्त सहितको बजेट हो ।

क्र.सं.	बजेट विनियोजन हुने क्षेत्रहरू	विनियोजन भएको रकम (रू.)	कैफियत
१	**चालु तथा प्रशासनिक**	**१५,००,००,०००**	
२	**पूर्वाधार विकास**	**२२,३३,००,०००**	

क्र.सं.	बजेट विनियोजन हुने क्षेत्रहरू	विनियोजन भएको रकम (रू.)	कैफियत
२.१	पूर्वाधार सम्बन्धी योजनाहरूको लागि लागत साझेदारी गर्नुपर्ने बजेट	१०,८०,००,०००	
२.२	दायित्व सारिएका योजनाहरूको भुक्तानी दिनका लागि आवश्यक पर्ने बजेट	१०,६८,५५,९७५	
२.३	जोड कोष (सडक बोर्ड नेपाल, तराई मधेश समृद्धि कार्यक्रम, ऊर्जा प्रभावकारी भवन आदि)	५०,००,०००	
२.४	पूर्वाधार तर्फका नगरस्तरीय योजना तथा कार्यक्रमहरू	३,०३,००,०००	
३	**आर्थिक विकास**	**५,०४,५०,०००**	
३.१	कृषि विकास	२,६१,००,०००	
३.२	पशुपन्छी विकास	१,६४,२०,०००	
३.३	पर्यटन विकास	४६,५०,०००	
३.४	सहकारी	३,००,०००	
३.५	उद्योग तथा वाणिज्य	३,३०,०००	
३.६	भूमि व्यवस्था	८,००,०००	
३.७	श्रम तथा रोजगार	१८,५०,०००	
४	**सामाजिक विकास**	**८,५६,९१,०३४**	
४.१	शिक्षा, यूवा तथा खेलकुद	६,४३,४०,७८४	
४.२	स्वास्थ्य	१,६१,९०,२५०	
४.३	महिला, बालबालिका तथा समाज कल्याण	४६,६०,०००	
४.४	सामाजिक सुरक्षा तथा पञ्जीकरण	५,००,०००	
५	**सुशासन तथा संस्थागत विकास**	**९८,२१,६००**	
५.१	न्यायिक समिति	१८,२१,६००	
५.२	सेवा प्रवाह तथा सुशासन	८०,००,०००	
६	**वातावरण तथा विपद् व्यवस्थापन**	**१,०६,००,०००**	
७	**वडागत सिलिङ्ग**	**३,४५,००,०००**	
	जम्मा बजेट	**५९,१२,१८,६०९**	

स्वास्थ्य सेवा

१. नागरिकको जीवन रक्षा गर्नु नै प्रमुख दायित्व महसुस गरी स्वास्थ्य सेवाका लागि रू.१,६१,९०,२५०/- (एक करोड एकसट्ठी लाख नब्बे हजार दुई सय पचास) रूपैयाँ विनियोजन गरिएको छ ।

२. नेपाल सरकारले तोकेको निःशुल्क वितरण हुने ९८ प्रकारका औषधीको सहज उपलब्धता हुने गरी रू.३०,००,०००/- (अक्षरुपी तीस लाख) बजेट बजेट विनियोजन गरी नेपाल सरकारले निःशुल्क घोषणा

गरेका औषधी आम नागरिकका लागि सहज पहुँच भई सर्पदंश केन्द्रमा अत्यावश्यक औषधीको समेत आपूर्ति हुनेछ ।

३. आधारभूत नगर अस्पतालबाट प्रदान गरिदै आएको स्वास्थ्य सेवालाई विस्तार तथा एकीकृत सेवा प्रदान गरिनेछ । नगर अस्पतालमै नियमित रूपमा VIa/Test, आयुर्वेद तथा फिजियोथेरापी सेवा, बर्थिंग सेवा शुरु गर्न १३ लाख बजेट विनियोजन गरेको छु ।

४. बीमालाई व्यापक तथा प्रभावकारी रूपले कार्यान्वयन गर्न र द्वन्द्व पीडित, महिला स्वास्थ्य स्वयम्सेविका र ग बर्गका अपाङ्गता भएका विपन्न परिवारको निशुल्क स्वास्थ्य बीमा गर्न रू.४ लाख ४५ हजार २ सय ५० बजेट विनियोजन गरिएको छ ।

५. सिकलसेल र थालासेमियाको समयमै उपचार तथा अर्को पुस्तामा सर्ने चेन तोड्न १५ महिना पूरा भएका थारू समुदायका बालबालिकाको सिलकसेल तथा थालासेमियाको निशुल्क परीक्षण गर्न ९ लाख ४० हजार बजेट विनियोजन गरिएको छ ।

६. पूर्ण सुरक्षित मातृत्व सेवायुक्त स्थानीय तह बनाउन गर्भवतीसँग नगरपालिका कार्यक्रम अन्तर्गत घरमै गएर एकपटक गर्भवती परीक्षण तथा परामर्श प्रदान गर्न, सुत्केरी आमा र नवजात शिशु घरमै गई जाँच गर्न रू.२ लाख बजेट विनियोजन गरिएको छ ।

७. नगरवासीलाई नियमित र सरल रूपमा विशेषज्ञ सेवा प्रदान गर्न सबै स्वास्थ्य संस्थाहरूमा मेडिकल अधिकृतहरूको नियमित भिजिट बृहत स्वास्थ्य शिविरहरू सञ्चालनका लागि आवश्यक बजेट व्यवस्थापन गरिएको छ ।

८. पेपरलेस स्वास्थ्य संस्थाको विकास गरी डिजिटल स्वास्थ्य सूचना प्रणालीलाई सुदृढ बनाउन तालिम तथा सामाग्री व्यवस्थापनका लागि रू.५ लाख बजेट विनियोजन गरिएको छ ।

९. आधारभूत नगर अस्पताल नेउलापुरबाट रेविज खोप निःशुल्क उपलब्ध गराउन आवश्यक उपकरण सहितको व्यवस्थापनका लागि बजेटे विनियोजन गरेको छु । सोही अस्पतालबाट नै पोष्टमार्टम सेवा उपलब्ध गराउन आवश्यक व्यवस्थापन गरिनेछ ।

१०. तोकिएका उमेर समूहका जेष्ठ नागरिक, जोखिमपूर्ण अवस्थाका गर्भवती महिलालाई सुविधा सम्पन्न अस्पतालमा प्रेषण गर्न तथा महिला स्वास्थ्य स्वयंसेविका लगायतका लक्षित समूहलाई एम्बुलेन्स सेवामा र बीमा कार्यक्रमका लागि विशेष छुटको व्यवस्था गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

११. **"मेरो स्वास्थ्य : मेरो जीवन"** भन्ने अभियानका साथ स्वस्थ्यकर जीवनशैली प्रवर्धन तथा भान्सा सुधार कार्यक्रम समेत विद्यालय तह र समुदाय स्तरमा सञ्चालन गर्न किशोर किशोरीको रक्त अल्पता पहिचान तथा उपचारका लागि आवश्यक बजेट व्यवस्थापन गरिएको छ ।

१२. स्वास्थ्य संस्थाहरूको सेवालाई प्रभावकारी बनाउन गुणस्तरीय बनाउन अत्यावश्यक औजार तथा उपकरण र वास संरचनाहरूको नियमित मर्मत सम्भारका लागि कोष स्थापनार्थ आवश्यक बजेटको तर्जुमा गरेको छु ।

१३. दिर्घसेवा गरी अवकाश हुने महिला स्वयम्सेविकालाई सम्मान सहितको सुनौलो अवकाश योजनामा दिंदै आएको प्रोत्साहन अनुदानलाई प्रदेश सरकार समेतको सहकार्यमा रू.१,१०,०००। एक लाख दश हजार रूपैयाँ हुने गरी आवश्यक व्यवस्थापन गरिएको छ ।

१४. महिला स्वास्थ्य स्वयम्सेविकाहरूको पोशाक, प्रोत्साहन र यातायात तथा महिला स्वास्थ्य स्वयम्सेविका दिवस मनाउन आवश्यक बजेट प्रस्ताव गरिएको छ ।

१५. हाल निर्माणधिन १५ शैयाको नगर अस्पतालको निर्माण कार्य सम्पन्न हुने चरणमा रहेकोले नयाँ भवनबाट सेवा सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

१६. यस नगरपालिकालाई नेपालकै पहिलो पूर्ण हात धुने नगरपालिका घोषणा गरिएको सन्दर्भमा सो कार्यलाई दिगो बनाउन साझेदार संघसंस्था समेतको समन्वयमा कार्ययोजना सहित कार्यान्वयन गर्न आवश्यक प्रबन्ध गरिएको छ ।

१७. स्वास्थ्य संस्थाहरूबाट बिसर्जन मेडिकलजन्य फोहरलाई व्यवस्थापन गर्न आवश्यक सहकार्य गरी कार्यान्वयन गर्न आवश्यक संयन्त्र तथा पूर्वाधार तयार गरिएकाले त्यसलाई सञ्चालन गरिने छ ।

१८. सबै स्वास्थ्य संस्थाहरूको सेवामा न्यूनतम सेवा मापदण्ड लागु गरी गुणस्तरीय सेवा प्रवाह गर्न तथा स्वास्थ्य संस्थाहरूको संरचना मर्मत सम्भारका लागि कोष परिचालन गर्न रू.११ लाख बजेट प्रस्ताव गरिएको छ ।

१९. स्वास्थ्य सेवाको सबै विवरणहरूलाई बस्तुनिष्ट बनाउन DHIS-२ र eHMIS मा प्रविष्टिकरण समेत गर्न आवश्यक सामग्री सहितको बजेटको व्यवस्था गरेको छु ।

२०. यस नगरपालिका पूर्ण खोप सुनिश्चिता घोषणा गरी सकिएकोले सो लाई कायम गरी र खोप तथा गाउँघर क्लिनिक समेतलाई व्यवस्थापन गर्न आवश्यक बजेटको बजेट व्यवस्था गरेको छु ।

शिक्षा, यूवा तथा खेलकुद

२१. शिक्षा, यूवा तथा खेलकुद क्षेत्रको लागि कुल रू.६,४३,४०,७८४/- छ करोड त्रिचालिस लाख चालीस हजार सात सय चौरासी रूपैयाँ बजेट विनियोजन गरेको छु । यो बजेट गत वर्षको तुलनामा २.७% प्रतिशत बढी हो ।

२२. हाल कक्षा १० सम्म निशुल्क शिक्षा कार्यान्वयन हुदै आएकोमा १२ कक्षा सम्म निःशुल्क गर्न रू.१५ लाख थप बजेट व्यवस्था गरेको छु ।

२३. दुई वर्ष सेवा अवधि पूरा भएका नगर, बालविकास शिक्षक, र विद्यालय कर्मचारीलाई समेत योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न रू.४० लाख बजेट विनियोजन गरिएको छ ।

२४. खेलाडीहरूलाई नियमित रूपमा प्रोत्साहन गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय पदक जित्ने खेलाडीलाई उच्च कक्षा अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्न र उच्च शिक्षा अध्ययन गर्ने विपन्न बर्गका छात्राहरूलाई साइकल वितरणका लागि थप बजेटको व्यवस्था गरेको छु ।

२५. प्रधानाध्यापकको कामको जिम्मेवारीलाई मध्यनजर गरी हाल प्रदान गरिदै आएको मासिक प्रधानाध्यापक भत्तामा बृद्धि गर्न रू.४ लाख ९२ बजेट विनियोजन गरिएको छ ।

२६ विद्यालयहरू बिच गुणस्तरमा प्रतिस्पर्धा गराउन नयाँ सोच र नयाँ कामहरू सहितको नवप्रवर्तन कार्यक्रमका लागि उत्कृष्ट प्रस्ताव पेश गर्ने ३ वटा विद्यालयललाई कार्यक्रम सञ्चालन गर्न रू.६ लाख बजेट विनियोजन गरिएको छ ।

२७. गुरुकुल विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि रू.५ लाख बजेट विनियोजन गरिएको छ ।

२८. नगरपालिकामा स्काउटको क्षमता विकास र सिकाई प्रवर्द्धन गर्न रू.१ लाख बजेट विनियोजन गरिएको छ ।

२९. नगर नमुना विद्यालय तथा महिलामैत्री विद्यालय सञ्चालनका लागि रू.४ लाख बजेट विनियोजन गरिएको छ ।

३०. साझेदारीमा माध्यमिक तहमा वृत्ति मार्ग निर्देशन कार्यक्रम सञ्चालनका लागि रू.४ लाख बजेट विनियोजन गरिएको छ ।

३१. प्रदेश सरकारको समन्वयमा सबै सामुदायिक विद्यालय तथा क्याम्पसहरूमा आवश्यक भौतिक संरचना तथा अधुरा निर्माण कार्यहरू सम्पन्न गर्न रू.७ करोड २५ लाख विनियोजन गरिएको छ ।

३२. सामुदायिक विद्यालयको शिक्षण सिकाईलाई गुणस्तरीय बनाउन विद्यालयले तयार गरेको विद्यालय सुधार योजनाको आधारमा प्राथमिकताका क्षेत्रसहितको नगरस्तरीय एकीकृत शिक्षा कार्ययोजना तयार गरी क्रमशः कार्यान्वयन गर्न आवश्यक स्रोत प्रस्ताव गरिएको छ ।

३३. प्रदेश सरकारको सहयोगमा माध्यमिक तह पढाउने शिक्षकहरूलाई अंग्रेजी, गणित र विज्ञान विषय पढाउन पुर्नताजगी तालिम सञ्चालन गर्न रू.५ लाख विनियोजन गरिएको छ। साथै नतिजा सुधारको लागि अनिवार्य अंग्रेजी विषयको अतिरिक्त अभ्यास, पाठ्यपुस्तक र शैक्षिक सामाग्री सहित कमाण्डो कक्षा सञ्चालन गर्न ९ लाख र गणित विज्ञान विषयको अतिरिक्त अभ्यास तथा शैक्षिक सामाग्री वितरणका लागि ९९ लाख ७० हजार गरी १ करोड ४ लाख ७० हजार बजेट विनियोजन गरिएको छ ।

३४. प्रदेश सरकारको सहयोगमा सबै सामुदायिक विद्यालयहरूमा साङ्गितिक विहानी प्रार्थना तथा पिटि सहितको व्यवहारिक शिक्षक अभिभावक र सरोकारवालाका लागि उत्प्रेरणा कार्यक्रम सञ्चालन गर्न रू.४ लाख विनियोजन गरिएको छ ।

३५. "**अबको सिकाई प्रविधि सहितको सिकाई"** भन्ने नारा सहित डिजिटल तथा प्रविधिमैत्री शिक्षा प्रवर्द्धनका लागि आवश्यक सामाग्रीहरू, जनशक्तिको व्यवस्थापन र कृत्तिम बुद्धिमत्ता (AI) साक्षरता अभियान अन्तर्गत कक्षा ८ देखि १२ सम्मका विद्यार्थीलाई ए.आइ. साक्षरता, च्याट बोट, Ethics of AI विषयमा कार्यक्रम सञ्चालन गर्न रू.१ लाख बजेट विनियोजन गरिएको छ ।

३६. विद्यालयमा खाजाको रूपमा जंकफुड प्रयोग गर्ने कार्यलाई निरुत्साहित गर्न एक विद्यालय एक करेसाबारी कार्यक्रम सञ्चालन तथा वातावरणमैत्री र हरियालीयुक्त विद्यालय बनाउन हरित विद्यालय निर्देशिका वमोजिमका कार्यक्रम सञ्चालन गर्न गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

३७. शिक्षकलाई शिक्षण सिकाईमा सहयोग गरी सिकेर सिकाउने तथा सिकाई आदान प्रदान गर्न विद्यालय सुपरीवेक्षक, रोष्टर शिक्षक र विद्यालय सहयोग संयन्त्रलाई निरन्तरता दिन आवश्यक बजेट प्रस्ताव गरेको छु ।

३८. **"उत्कृष्ट विद्यालयलाई सम्मान : कमजोरलाई प्रोत्साहन"** भन्ने नारालाई मुर्तरुप दिन उत्कृष्ट विद्यालय, व्यवस्थापन समिति, शिक्षक तथा कर्मचारीलाई पुरस्कारको व्यवस्था गरी कमजोरलाई नतिजामा आधारित प्रोत्साहन कार्यक्रम कार्यान्वयन गर्न आवश्यक बजेट प्रस्ताव गरिएको छ ।

३९. **"आजको सिकाई : भोलिको कमाई"** भन्ने नारालाई वास्तविकतामा परिणत गर्न रोजगारको अवसरको खोजीमा रहेका यूवालाई बृत्ति तथा रोजगार सम्बन्धि मार्ग निर्देशन सेवा सञ्चालन तथा लामो तथा छोटा अवधिका सीप विकास तालिमहरू सञ्चालन गर्न आवश्यक बजेट प्रस्ताव गरिएको छ ।

४०. समग्र खेलकूद क्षेत्रको विकासका लागि गठन गरिएको नगर खेलकूद विकास समिति मार्फत विभिन्न गतिविधिहरू सञ्चालन गर्न नगरस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता (आ.वि. तहलाई समेत समावेश गर्ने गरी) ठाकुरबाबा कप महिला तथा पुरुष फुटबल प्रतियोगिता सञ्चालन, राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलमा सहभागिता, नगर तथा वडास्तरीय खेलकुद प्रतियोगिता सञ्चालन, खेल प्रशिक्षक तालिम तथा खेलको पूर्वाधार विकासका लागि रू.२९ लाख बजेट विनियोजन गरेको छु ।

४१. त्रिभुवन नमुना मा.वि. भुरिगाउँमा सञ्चालन गरिदै आएको अनाथ तथा असाहय बालबालिकाको संरक्षण केन्द्र सञ्चालनका लागि रू.५ लाख, वातावरणमैत्री र हरित विद्यालय निर्देशकि बमोजिमका कार्यक्रमहरू सञ्चालन गर्न रू.३ लाख बजेट विनियोजन गरिएको छ ।

४२. भाषा, कला साहित्य र संस्कृतिको संरक्षण तथा सम्वर्द्धनका लागि ठाकुरबाबा प्रज्ञा प्रतिष्ठानलाई रू.१५ लाख बजेट विनियोजन गरिएको छ ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

४३. लक्षित समुदायको सरकारी सेवामा मूल प्रवाहीकरणका लागि लक्षित बर्ग विशेष लोक सेवा तथा शिक्षक सेवा आयोगका कक्षा सञ्चालन गर्न र आयआर्जन तथा सिप विकास कार्यक्रम सञ्चालन गर्न रू.५ लाख बजेट विनियोजन गरिएको छ ।

४४. आर्थिक र सामाजिक रूपमा विपन्न बर्ग पहिचान गरी वास्तविक विपन्न बर्गसम्म लक्षित कार्यक्रम पुऱ्याउन सम्पन्नता स्तरीकरण गरी परिचयपत्र वितरण गर्न तथा जिपिएसमा आधारित घर नम्बर वितरण गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

४५. दलित समुदायको परम्परागत सिप प्रवर्द्धनका लागि रू.२ लाख बजेट विनियोजन गरिएको छ ।

४६. अपाङ्गहरूको जीवनयापनलाई सहज बनाउन नियमित परिचय पत्र वितरण कार्यक्रम सञ्चालन, अपाङ्गता भएका बालबालिकाको पहिचान तथा उपचारका लागि प्रदेश सरकारसँगको सहकार्यमा स्क्रिनिंग शिविर सञ्चालन तथा उपचारमा सहयोग, अपाङ्गता सहायक सामग्री वितरण गर्न रू.५ लाख ५० हजार बजेट विनियोजन गरिएको छ ।

४७. बालविवाह मुक्त सञ्चालनका लागि रू.७ लाख बजेट विनियोजन गरिएको छ ।

४८. सशस्त्र द्वन्द्वको क्रममा पति बेपत्ता पारिएका तर एकल महिलामा सम्बोधन नभएका महिलाका लागि मासिक रूपमा रू.२५०० का दरले निर्वाह भत्ता उपलब्ध गराउन रू.२ लाख ७० हजार बजेट विनियोजन गरिएको छ ।

४९. नगरपालिका बनाउन बालविवाह मुक्त वडा घोषणा, बालविवाहको अनुगमन तथा छोरी सम्म्मान कमर्यक्रम ।

५०. महिला शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्र संघ सुरक्षा परिषदको प्रस्ताव नं. १३२५ र १८२० कार्यान्वयन सम्बन्धि दोश्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि संघसंस्था समेतको साझेदारीमा आवश्यक कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छु । द्वन्द्व पिडितको आर्थिक सशक्तिकरणका लागि आयआर्जन गर्न बजेट प्रस्ताव गरिएको छ ।

५१. नगरस्तरीय विभिन्न सञ्जाल (महिला सञ्जाल, बाल सञ्जाल, किशोरकिशोरी सञ्जाल, ज्येष्ठ नागरिक सञ्जाल, दलित सञ्जाल, अपाङ्ग सञ्जाल लगायतका विभिन्न सञ्जालहरू) गठन, परिचालन र जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

५२. हिंसाबाट पिडित महिला तथा अनाथ तथा जोखिममा रहेका बालबालिकाहरूको आवश्यक व्यवस्थापन गर्न लैगिंक हिंसा निवारण कोषमा कोष बृद्धिका लागि आवश्यक बजेट प्रस्ताव गरेको छु ।

५३. विवाह कारणले बिचमै पढाइ छाडेका बुहारीहरूलाई अध्ययनमा निरन्तरता दिन प्रोत्साहनका लागि बुहारी शिक्षा कार्यक्रम सञ्चालन गर्न रू.५० हजार विनियोजन गरिएको छ ।

५४. समुदाय प्रहरी साझेदारीमा साइवर अपराध, बालविवाह, लागुपदार्थ दुर्व्यसनी विरुद्धको सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न रू.१ लाख विनियोजन गरिएको छ ।

५५. ज्येष्ठ नागरिकको सम्म्मान, ज्ञानसिप तथा अनुभवको पुस्तान्तरण र ज्येष्ठ नागरिक दिवासेवा केन्द्र व्यवस्थापन र ज्येष्ठ नागरिक तथा अपाङ्गलाई बाटेको धुप बनाउने तालिम सञ्चालनका लागि समेत रू.१ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

५६. नगरपालिकाबाट नियमित रूपमा गर्दै आइरहेको सडक मानव उद्धार तथा व्यवस्थापनका लागि सहयोग गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

५७. प्रथाजनित तथा संस्थागत रूपमा अगाडि बढिरहेको बडघर प्रणालीलाई सम्मान र सम्बोधन र परिचालनका लागि सबै बडघरहरूलाई प्रतिव्यक्ति प्रति व्यक्ति रू.२०० का दरले महिना मासिक संचार खर्च उपलब्ध गराउन बजेट विनियोजन गरिएको छ ।

सामाजिक सुरक्षा कार्यक्रम

५८. राष्ट्रिय परिचय पत्र वितरणलाई सरल र सहज बनाउन नगरपालिकामै दर्ता स्टेशन सञ्चालन तथा कार्ड वितरण कार्यका लागि रू.३ लाख बजेट व्यवस्थापन गरिएको छ ।

५९. स्थानीय पञ्जिकाधिकारी तथा कर्मचारीहरूको क्षमता अभिबृद्धि तालिम सञ्चालन, घुम्ति शिविर मार्फत सामाजिक सुरक्षा भत्ता वितरणमा सहजीकरण घटना दर्ता अभियान सञ्चालन जस्ता कार्यक्रमहरू सञ्चालन गर्न रू.२ लाख बजेट विनियोजन गरिएको छ ।

कृषि तथा पशुपन्छी र मस्त्य पालन

६०. **"उत्तम विकल्प कृषि"** भन्ने नारा सहित कृषि विषेष कार्यक्रम सञ्चालन गर्न साना किसान तथा चक्लाबन्दी सहितको खेती कार्यका लागि कृषि यन्त्र लगायतका सामाग्री सहयोग गर्न रू.१५ लाख बजेट विनियोजन गरिएको छ ।

६१. **"हाम्रो पहिचान कृषिको विशेष उत्पादन"** भन्ने नारालाई आत्मसाथ गर्दे मसिनो तथा वासनादार धान, मकै बाली पकेट, च्याउ पकेट, महुरीपालन तथा फलफूल पकेट कार्यक्रम सञ्चालन गर्न रू.१४ लाख बजेट विनियोजन गरिएको छ ।

६२. **"माटो नै जीवन हो"** भन्ने नाराका साथ माटो परिक्षण, नक्शाङ्कन र माटोको उर्वरा शक्ति बढाउन ढैचा तथा कोशेबाली र गड्यौले मल प्रवर्द्धन गर्न रू.५ लाख ५० हजार बजेट विनियोजन गरिएको छ ।

६३. कृषिको यान्त्रीकरण लागतको न्यूनीकरण भन्ने नाराका साथ व्यवसायिक कृषि उत्पादनलाई प्रवर्द्धन गर्न साझेदारिमा कष्टम हायरिंग सञ्चालन गर्न रू.७५ लाख बजेट विनियोजन गरिएको छ ।

६४. स्थानीय उत्पादनको संकलन, प्रशोधन, प्याकेजिंग र बजारीकरणका लागि लागि प्रदेश सरकारको सहयोगमा सञ्चालन हुने नवप्रवर्द्धन साझेदारी कार्यक्रम सञ्चालनका लागि रू.९९ लाख ५० हजार बजेट प्रस्ताव गरिएको छ ।

६५. **"सिपयुक्त कृषक हाम्रो अभियान"** भन्ने नाराका साथ कृषकहरूको क्षमता विकास, कृषक दिवस तथा सम्मान, कृषक चौतारी, कृषकहरूलाई प्रविधिमार्फत सुचना प्रणालीमा आबद्ध गराउन रू.११ लाख बजेट विनियोजन गरिएको छ ।

६६. बीज बृद्धि आत्मनिर्भर बनाउने कार्यक्रमको सफलतालाई कायम गदै निर्यात गर्ने गरी स्रोत बिउ उत्पादन गरी उत्पादकत्व बढाउन बिउ उत्पादन गर्ने कृषकलाई उत्पादनमा आधारित अनुदान उपलब्ध गराउन रू.१० लाख विनियोजन गरिएको छ ।

६७. रैथाने बाली प्रवर्धन तथा कृषि जैविक विविधता संरक्षण गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

६८. पोषिलो आहारका लागि करेसाबारी प्रवर्धन गरी एकघर एक करेसावारी तथा एक विद्यालय एक करेसाबारी कार्यक्रमलाई कार्यान्वयन गर्न रू.४ लाख ५० बजेट विनियोजन गरेको छु ।

६९. कृषकका लागि व्यवसायिक तथा पेशागत क्षमता विकास गर्न, स्थलगत घुम्तिबाली तथा सिजन विशेष स्थलगत तालिम र असल अभ्यासको अनुसरण समेत गर्ने प्रयोजनका लागि बजेटको व्यवस्था गरेको छु ।

७०. कृषकलाई उत्पादनमा प्रोत्साहित गर्न कृषि हाट बजार, कृषि वडा नं. ९ मा रहेको पुरानो वडा कार्यालयमा एकीकृत कृषि सुचना केन्द्र स्थापना गर्न बजेटको व्यवस्था गरिएको छ ।

७१. अनुदानको रासायनिक मल वितरण कार्यलाई व्यवस्थित गर्न कृषकहरूको सुचिकरण र क्षेत्रफलका आधारमा मल उपलब्ध हुने सुचि सहितको सफ्टवेयर निर्माण र सोहि बमोजिम वितरणका साथै किसानसँग प्राविधिक रेडियो कृषि कार्यक्रम सञ्चालन, बाली पात्रो प्रकाश र सफ्टवेयर निर्माणका लागि रू.८ लाख बजेट विनियोजन गरिएको छ ।

७२. स्थानीय गाइलाई उत्पादनसँग जोड्न तथा प्रागारिक मल प्रयोगमा जोड दिन एकीकृत गरिएको गौशालामा कोरियन सरकारको सहयोगमा एकीकृत ग्रामीण विकास परियोजना मार्फत प्रागारिक मल कारखाना स्थापना तथा सञ्चालन गरिनेछ ।

७३. पशुजन्य उत्पादनको बिक्री वितरण तथा बजारीकरणमा सहयोग गर्न पशु बिक्री केन्द्र तथा दुग्ध विकास संस्थानको सहयोगमा दूग्ध सङ्कलन तथा चिस्यान केन्द्र सञ्चालन र दूग्धजन्य पदार्थको विविधिकरणका लागि आवश्यक समन्वय गर्ने गरी बजेटको व्यवस्था गरिएको छ ।

७४. जनावरहरूको टोकाईबाट हुने रेविज नियन्त्रया गर्न तथा बचावटको लागि समेत नियन्त्रण तथा निशुल्क खोपका लागि आवश्यक स्रोत व्यवस्थापन गरिएको छ ।

७५. बन्यजन्तुको आक्रमणबाट हुने क्षति र सो को परिपुरणका लागि नागरिकलाई निश्चिन्त गराउन दिईदैं आएको राहतको कार्यलाई बीमासँग जोडी प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नीतिगत व्यवस्था सहित छोटो समयमा नै बीमा भुत्तानी पाउने गरी संयन्त्र तयार तथा आवश्यक बजेट प्रस्ताव गरिएको छ ।

७६. पशु आहारा तथा पशु पोषण कार्यक्रमका लागि वर्षिम घाँस बिउ वितरण र गाइभैसी सुत्केरी पोषण कार्यक्रम सञ्चालन गर्न रू.१४ लाख ५० हजार विनियोजन गरेको छु ।

७७. पशु तथा पन्छीको नियमित उपचार, औषधी वितरण, आकस्मिक सरुवा रोग नियन्त्रण तथा खोप सेवा कार्यक्रम सञ्चालन गर्न १९ लाख ७० हजार विनियोजन गरिएको छ ।

७८. पशुमा हुने बाँझोपनको निवारण तथा कृतिम गर्भाधान कार्यक्रम लगायत पशु प्रजनन तथा नश्ल सुधारका लागि र ३ लाख ५० हजार विनियोजन गरेको छु ।

७९. कृषि तथा पशु विकासमा आधारित साना किसान तथा यूवा उद्यमशीलता परियोजना लागु गरी कृषि र पशुको व्यवसायिक उत्पादन र बजारीकरणको कार्यका लागि हेफ इन्टरनेशनल नेपालको साझेदारीमा गर्ने गरी रू.१ करोड बजेट विनियोजन गरिएको छ ।

उद्यम विकास, सहकारी तथा पर्यटन तथा रोजगारी

८०. मिसन रोजगीमार्फत रोजगारी र उद्यमशीलता प्रवर्द्धन गर्न रू.५ लाख विनियोजन गरिएको छ। श्रम तथा रोजगार मेरो क्षमता मेरो योगदान भन्ने नारा सहित स्वयंसेवि कार्यगत अभ्यास ४० जना यूवाका लागि ३ महिने paid internship कार्यक्रम सञ्चालन गर्न रू.४ लाख बजेट विनियोजन गरिएको छ।

८१. विपन्न श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन ५० प्रतिशत अनुदान तथा न्यूनतम पारिश्रमिक प्रदान गर्ने अभियान सञ्चालन गर्न रू.३ लाख ५० हजार बजेट विनियोजन गरेको छु।

८२. वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूलाई पुन एकीकरण कार्यक्रम सञ्चालन, पारिवारिक विखण्डन, न्यूनीकरण, विप्रेषण रकम सदुपयोग , वित्तिय साक्षरता सञ्चालन लगायतका सामि कार्यक्रमसँग साझेदारीमा कार्यक्रम सञ्चालन गर्न रू.५ लाख बजेट विनियोजन गरिएको छ।

८३. श्रम संसार पोर्टल, निजी क्षेत्रमा उपयोग सम्बन्धी जानकारी प्रदान गर्न, विदेशमा रहेका यूवाहरूको ज्ञान, सिप अनुभव आदानप्रदान गर्न उद्यमशीलता भर्चुअल डाइलग कार्यक्रम सञ्चालन गर्न र रोजगार सम्बन्धी यूवा अभिमुखीकरण कार्यक्रम सञ्चालन र ए.आई. साक्षरता बारे ११ र १२ का विद्यार्थीहरूलाई अभिमुखीकरण गर्न २ लाख ५० हजार बजेट विनियोजन गरिएको छ।

८४. श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम तथा रोजगार संवाद मञ्च मार्फत सरोकारवालासँग संवाद कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ।

८५. सहकारी क्षेत्रको नियमन, अनुगमन, क्षमता विकास तालिमहरू तथा सम्ममानका कार्यक्रम सञ्चालन गर्न रू.५ लाख बजेट विनियोजन गरिएको छ। सहकारी संस्थाहरू मर्फत लगानी गरी रोजगार सिर्जना गर्न सञ्चालित स्वरोजगार कोषलाई नियमितता दिईनेछ।

८६. **"हाम्रो सहभागिता : हाम्रै समुन्नति लागि"** भन्ने नारा सहित कर तिर्नु मेरै लागि हो, करले रोजगार सृजना र आर्थिक बृद्धि गर्छ भन्ने भावना विकास गरी रहरले कर तिर्ने बानीको विकास गर्न उद्योग व्यापार संघ समेतको सहभागितामा अभिमुखिकरण तालीम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

८७. बजार क्षेत्रमा थप सि.सि. क्यामरा जडान गर्न र भएका क्यामराहरूको मर्मत सुधार गर्न भुरिगाउँ र ठाकुरद्वारामा रहेका वित्तीय संस्थाहरूको सहयोगमा आवश्यक कार्य गरिने छ।

८८. **"हाम्रो दायित्व, हाम्रो समुन्नतिका लागि"** भन्ने नारा सहित उद्योग वाणिज्य संघ सँगको साझेदारिमा व्यवसाय दर्ता अभियान सञ्चालन गर्न र महिला उद्यमीहरू सृजना तथा सहयोग गर्न साना कृटिर व्यवसाय सञ्चालन गर्ने उद्यमीलाई ५० प्रतिशत लागत सहभागितामा यन्त्र उपकरण खरिद गर्न रू.३ लाख ३० हजार बजेट विनियोजन गरिएको छ।

८९. **"पर्यटकीय नगरी ठाकुरबाबा"** भन्ने मूल नारा सहित पर्यटकीय क्षेत्रहरूको प्रचार प्रसार तथा प्रवर्द्धनका लागि सिमावर्ती शहरहरूमा अन्तरक्रिया, राष्टिय अन्तराष्टिय मार्टहरूमा सहभागिता तथा विभिन्न क्षेत्रमा प्रख्यात कन्टेन्ट क्रियटरहरू मार्फत प्रचारमूलक सूचना सामाग्री तयारी गर्न रू.९ लाख बजेट विनियोजन गरिएको छ।

९०. बर्दियाका पहिचान झल्काउने चोक निर्माण, कलात्मक मार्गसूचक बोर्ड र समुदायको साझेदारीमा बरपिपलका बृक्षमा चौतारी निर्माण गर्न रू.११ लाख ५० हजार विनियोजन गरिएको छ।

९१. विभिन्न मठ मन्दिरको संरक्षण, व्यवस्थापन, वडा नं. २ र ८ मा शुरु गरिएको वनभोज स्थल व्यवस्थापन, रेलवे लाइन संरक्षण तथा सफारी मार्ग मर्मतका लागि रू.२५ लाख विनियोजन गरिएको छ।

९२. काठ तथा ढुंगामा कलात्मक आकृति निर्माण गर्ने तालिम सञ्चालन गर्न रू.३ लाख ५० हजार विनियोजन गरिएको छ ।

खानेपानी, सरसफाई, वन, वातावरण तथा विपद् व्यवस्थापन

९३. **"उज्यालो शहर : मेरो गाउँघर"** कार्यक्रम सञ्चालन गर्न सार्वजनिक निजी साझेदारीमा १ मेघावाट शौर्य ऊर्जा उत्पादनका लागि रू.२० लाख बजेट प्रस्ताव गरिएको छ ।

९४. **"ढकमक्क बाटो : हराभरा ठाकुरद्वारा"** भन्ने नारा सहित नगर हरियाली कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

९५. **"पहिलो गुहार : स्थानीय सरकार"** भन्ने नारा सहित विपद्को पूर्वकार्य, प्रतिकार्य र पुर्नस्थापना सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन आवश्यक स्वास्थ्य सामग्रीको व्यवस्थासहित विपद्बाट आम नागरिकको सुरक्षा एवम् राहत तथा वन्यजन्तुबाट हुने वालीनाली, घरगोठ, पशुचौपाया, मानवीय क्षतीमा तत्काल राहत समेतका लागि विपद् व्यवस्थापन कोषमा रू.४० लाख विनियोजन गरेको छु ।

९६. विपद व्यवस्थापनमा खटिने जनशक्तिको क्षमता विकास, वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरूमा फायर एक्सटिंगगुसर जडान, स्थानीय आपतकालिन केन्द्र सञ्चालन र सुदृढीकरण तथा लुना जिपिएसको निरन्तर सञ्चालन र दमकल तथा शव बाहन सञ्चालनका लागि १३ लाख ५० हजार विनियोजन गरिएको छ ।

९७. **"सुरक्षित पानी, सबैको सरोकार सबैको जिम्मेवारी"** भन्ने नारासहित विद्यालय खानेपानी सुधार, सार्वजनिक स्थानमा खानेपानी व्यवस्थापन, विपन्नलाई खानेपानी धारा जडानमा अनुदान, खानेपानी संस्थाहरूको क्षमता अभिबृद्धि कार्यक्रम र खानेपानी गुणस्तर परिक्षण तथा बास तथ्याङ्क अपडेटका लागि रू.१९ लाख विनियोजन गरिएको छ ।

९८. घट्दै गइरहेको पानीको सतहलाई रिजार्ज गर्न तथा कृषि र जैविक विविधता संरक्षणका लागि साझेदार संस्था र समुदायको सहभागितामा एकवडा एक पोखरी निर्माण कार्यक्रमको थालनी गर्न रू.५ लाख बजेट विनियोजन गरिएको छ ।

९९. सामुदायिक वन र स्थानीय सरकारबिच समन्वय र सहकार्यका लागि अन्तरक्रिया, समन्वय बैठक सञ्चालन, वृक्षारोपण, बन डढेलो सम्बन्धी कार्ययोजना निर्माण र स्थानीय जडिबुटीको अभिलेखिकरणका लागि रू.५ लाख विनियोजन गरिएको छ ।

१००. निर्माणाधीन खानेपानी आयोजनाहरूको निरन्तरता, खानेपानीको पाईपलाईन विस्तार तथा पुराना आयोजनाहरूको स्तर बृद्धि गर्न प्रदेश तथा सङ्घीय सरकारसँग आवश्यक समन्वय र सहकार्य समेत गरिनेछ । प्रदेश सरकारसँगको समन्यमा तपशिलका आयोजनाहरू सञ्चालन गरिने छ ।

१०१. नदीजन्य पदार्थ उत्खनन तथा ओसारपसारबाट प्रत्यक्ष प्रभावित बस्ती तथा फोहरमैला व्यवस्थापनमा सहयोग गरिहेका वडाहरूमा पूर्वाधार विकास तथा सामाजिक विकासका कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

१०२. प्रदेश सरकारसँगको समन्वयमा फोहरबाट मोहर कार्यक्रम अन्तर्गत फोहरमैला संकलन, वर्गीकरण, फोहरमैला प्रशोधन केन्द्रको पूर्वाधार निर्माण, मेसिन उपकरण खरिद, सञ्चालन व्यवस्थापनका लागि रू.१ करोड १० लाख बजेट विनियोजन गरिएको छ ।

संस्थागत विकास, सेवा प्रवाह र सुशासन :

१०३. पेपरलेस स्थानीय सरकार उन्मुख इलेक्ट्रोनिक अभिलेख व्यवस्थापन प्रणाली, पालिकाको इन्टरनेट सेवाको गुणस्तर बृद्धि, आफ्नै सर्भर र क्लाउड व्यवस्थापन, पालिकाबाट प्रदान गरिने सेवालाई सरल सहज बनाउन एकल सेवा बिन्दु निर्माण तथा सञ्चालन, हेभि इक्युपमेन्टमा जि.पि.एस. जडान लगायतका विभिन्न प्रकारका सेवा खरिदका लागि लगायतका कार्य गर्न रू.४४ लाख ५० हजार बजेट विनियोजन गरिएको छ ।

१०४. गुणस्तरिय सेवा प्रवाहका लागि, सेवाकालिन तालिम, क्षमता विकास तालिम, नियमित सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, असल अभ्यास अनुसरण, सुचना प्रसारण लगायतका कार्यक्रमहरू सञ्चालन गर्न रू.२५ लाख ५० हजार विनियोजन गरिएको छ ।

१०५. टोल विकास संस्थाको परिचालनका लागि रू.५ लाख बजेट विनियोजन गरिएको छ ।

१०६. न्यायिक समितिको सफ्टवेयर निर्माण छिटो छरितो न्याय सम्पादन र अभिलेखीकरण गर्न रू.४ लाख बजेट विनियोजन गरिएको छ ।

१०७. न्याय सम्पादनमा देखा परेका चुनौती र त्यसको प्रभावकारी कार्यान्वयन तथा पैरवीका लागि प्रदेश स्तरीय न्यायिक संवाद कार्यक्रम सञ्चालन गर्न रू.५ लाख सहित समग्र न्यायिक समिताको कामका लागि १८ लाख २१ हजार ६ सय बजेट विनियोजन गरिएको छ ।

पूर्वाधार विकास

१०८. **"समुन्नत ठाकुरबाबा : सवल नगरवासी"** लक्ष्यलाई हासिल गर्न आर्थिक विकासको आधार ठूला तथा नमूना भौतिक पूर्वाधारहरूका योजना शुरुवात भएकाले ती योजनाहरू पूरा गर्न पूर्वाधर तर्फको बजेट प्रस्ताव गरिएको छ ।

१०९. सङ्घीय सरकारको सहयोगमा ठाकुरबाबा १, ३, ४ र ९ मा ढल निकास तथा नाला निर्माणका लागि डि.पि.आर. गरेका छौं । सार्वजनिक जग्गाहरू खेजि गरी अतिक्रमण हटाउने काम पनि निरन्तर रूपमा गरिरहेको छ ।

११०. लामो समयसम्म समस्याको रूपमा रहेको भूमि प्रशासन सम्बन्धी कार्यलाई समाधान गरी भूमिहिन दलित, भूमिहिन सुकुम्बासी, अव्यवस्थित बसोवासीको व्यवस्थापन यसै आबमा पुरा गर्न सकिने अवसर हामीलाई प्राप्त हुने भएकोले यस तर्फ पनि रू.८ लाख बजेट प्रस्ताव गरिएको छ ।

१११. यस सभाका अध्यक्ष तथा प्रमुख ज्यूको पहलबाट यस पालिकाका लागि विषेश महत्व र दुरगामी प्रभावका आयोजनाहरूमा सङ्घीय सरकारबाट योजना तथा बजेट प्रस्ताव भएका छन् । यसलाई कार्यान्वयन र ठेक्का प्रक्रियामा लैजान सबैको सहयोग र तत्परताको आवश्यकता छ । अतः भौतिक पूर्वाधारको बजेट प्रस्ताव गर्दा सङ्घीय विषेश र समपुरक अनुदान, प्रदेश समपुर अनुदान, सङ्घीय सरकार र प्रदेश सरकारबाट सम्बोधित भएका आयोजनाहरू प्रस्ताव भएका वडाहरूलाई सो बजेट समेत गणना गरी सबै वडामा समानता कायम गर्ने गरी योजना तथा बजेट प्रस्ताव गर्ने जमर्को गरिएको छ ।

११२. सङ्घीय तथा प्रदेश समपूरक योजना कार्यान्वयन गर्नका लागि दस करोड असी लाख र दायित्व सारिएका योजना तथा कार्यक्रमहरूको भुक्तानी दिनका लागि आठ करोड बजेट विनियोजन गरिएको छ ।

११३. पूर्वाधार तर्फका नगरस्तरीय योजनाहरू कार्यान्वयन गर्नका लागि तीन करोड तीन लाख बजेट विनियोजन गरिएको छ ।

क्र.सं.	योजना तथा कार्यक्रम	बजेट
१	सुतैयामा पुल निर्माण	१००००००
२	काठे पुल विस्थापन तथा कल्भर्ट निर्माण कार्यक्रम	२००००००
३	हुलाकी सडक देखि बद्री कठायतको घर हुँदै हाट बजार जोड्ने सडक स्तरोन्नति	१००००००
४	सार्वजनिक पूर्वाधार निर्माणका लागि साइट क्लियरेन्स, पोल तार र खानेपानी पाइप लाइन व्यवस्थापन लगायतका कार्यहरू	२००००००
५	सार्वजनिक पूर्वाधारहरूको मर्मत सम्भार र उपकरण खरिद	२००००००
६	वडा कार्यालयहरूको पर्खाल मर्मत सम्भार	१००००००
७	सत्घरुवामा पुल निर्माण	८०००००
८	सार्वजनिक जग्गाहरूको संरक्षण ठाकुरबाबा नगरपालिका	५०००००
९	रामजानकी मार्ग स्तरोन्नति (नगर अस्पतालदेखि बसपार्क जोड्ने)	१००००००
१०	खोदाउ रानीपुर सडकमा ट्रस पुल निर्माण	५०००००
११	वडा नं. १ को सीमाना देखि सैनवार गाउँ हुँदै चेक पोस्ट जोड्ने सडक स्तरोन्नति	५०००००
१२	बाबनपुर पीपल चौतारा देखि वडा कार्यालय तथा हुलाकी राजमार्ग जोड्ने र विद्यालय जाने सडक निर्माण	५०००००
१३	रमेश थारूको घर देखि चुरे क्याम्पस, सभा हल हुँदै रामदास मार्ग जोड्ने सडक निर्माण	५०००००
१४	जुडपानी देखि हिमालय आ.वि. आउने सडक स्तरोन्नति तथा कल्भर्ट निर्माण	५०००००
१५	विभिन्न मठ मन्दिर, गुरुवा थान, चर्च, गुम्बा लगायतका पूर्वाधार मर्मत सम्भार तथा व्यवस्थापन (बाईजुराज मन्दिर र कृष्ण प्रणामी मन्दिर, ठाकुरद्वारा, गणेश मन्दिर, भुरिगाउँको अधुरो भवन आदि)	२००००००
१६	सुरक्षित तथा ऊर्जा प्रभावकारी आवास निर्माण कार्यक्रम	५००००००
१७	नगरपालिकामा प्रशासनिक तथा आवासीय भवन निर्माण	१००००००
१८	भुड्कैया चोक देखि वनभोज स्थल जाने सडक स्तरोन्नति	५०००००
१९	बगनाहा स्वास्थ्य चौकी पछाडिको झरनमा नाली निर्माण	५०००००
२०	अधुरो सिँचाई कुलो लाइनिङ्ग निरन्तरता	५०००००
२१	एक वडा एक खुला व्यायामशाला कार्यक्रम	२००००००
२२	नदीजन्य पदार्थको उत्खनन हुने वडा लक्षित कार्यक्रम	२५०००००
२३	शवदाह विश्राम स्थल निर्माण, ठाकुरबाबा ३ मानपुर	५०००००
२४	विभिन्न संघसंस्था तथा निकायहरूसँग साझेदारीमा कार्यक्रम सञ्चालन	५०००००
२५	ढोढरी नहर देखि बबई नदी जाने बाटो र बीचपुर जाने बाटो स्तरोन्नति	५०००००
२६	कन्चरपुर देखि शान्तिनगर टोल जाने सडक स्तरोन्नति	५०००००
२७	ठाकुरद्वारा-बानुगाउँ-शिवपुर सडक देखि खौराहा जोड्ने सडक निर्माण	५०००००

११४. अब सङ्घीय सरकारबाट र प्रदेश सरकारबाट प्रस्ताव गरिएका सशर्त, समपूरक तथा विशेष आयोजना र प्रस्तावित बजेट प्रस्ताव गर्न चाहान्छु ।

सङ्घीय सरकार समपूरक तथा विशेष अनुदानमार्फत सञ्चालन हुने योजनाहरू :

१. सडक कालोपत्रे (राजमार्ग तथा अन्य मार्गसँग जोडिएका) रू. छ करोड सत्सट्ठी लाख पचास हजार

- भुरिगाउँ देखि डुम्रेनी हुँदै सैनवार जोड्ने सडक निर्माण क्रमागत रू. एक करोड
- ने.रा.मा.वि. देखि खुशलपटुवा हुँदै मधुवन सीमाना सम्मको सडक निर्माण रू. एक करोड
- हुलाकी राजमार्ग देखि नेउलापुर जाने सडक निर्माण रू. एक करोड
- शाहीपुर देखि चन्दनपुर घाट जाने सडक निर्माण क्रमागत रू. एक करोड
- मोतीपुर चेकपोस्ट देखि तुल्सीपुर-पीपल चौतारा-बचैया टोल-स्वास्थ्य चौकी हुँदै बकुवा चोकसम्मको सडक निर्माण रू. एक करोड
- मेन रोड देखि जनक चौधरीको घर-दङ्गपुरुवा हुँदै कर्मला जाने सडक र शिवसुन्दर मा.वि. अगाडिको सडक निर्माण रू. सतासी लाख पचास हजार
- मढेला-गोब्रेला सडक निर्माण क्रमागत रू. असी लाख

२. मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि पक्की पर्खाल निर्माण रू. चार करोड सतासी लाख पचास हजार

३. शीत भण्डार निर्माण रू. सात करोड छब्बीस लाख

४. बाल विकास केन्द्रको सुधार रू. उन्सत्तरी लाख

५. सङ्घीय सरकार सशर्त अनुदानमार्फत सञ्चालन हुने पूर्वाधारतर्फका योजनाहरू :

- बर्दिया जिल्ला ठाकुरबाबा ५ राधाकृष्ण मन्दिरमा पूर्वाधार निर्माण रू. पच्चीस लाख
- बर्दिया जिल्ला ठाकुरबाबा नगरपालिका वडा नं. ३ जुडपानी/गिदरपुर बस्ती विकास कार्यक्रम अन्तर्गत पूर्वाधार स्तरोन्नति कार्य रू. पच्चीस लाख
- बर्दिया जिल्ला ठाकुरबाबा न.पा. वडा नं. ४ र ३ जोड्ने कालिका मार्ग सडक स्तरोन्नति कार्य रू. चालीस लाख
- बर्दिया जिल्ला ठाकुरबाबा नपा वडा ४ मा सैनवार सामुदायिक भवन क्षेत्रमा पूर्वाधार निर्माण कार्य रू. पच्चीस लाख
- बर्दिया जिल्ला ठाकुरबाबा न.पा. वडा नं. ४ बर्गदा गाउँको दक्षिण नहर अन्तर्गत हात्तीसारबाट गन्धैया नाला सम्म पक्की नाला सहित रेलिङ्ग निर्माण कार्य रू. पच्चीस लाख
- बर्दिया जिल्ला ठाकुरबाबा न.पा. वडा नं. ४ मा बर्गदा गाउँको पुरानो स्कुल देखि नयाँ स्कुलसम्म बडघर टोलको सडक स्तरोन्नती कार्य रू. पच्चीस लाख
- निर्मित गुरुयोजनाका आधारमा स्थानीय तहको साझेदारीमा विद्यालयको भौतिक निर्माण अनुदान रू. पचपन्न लाख

प्रदेश सरकार सशर्त, समपूरक तथा विशेष अनुदानमार्फत सञ्चालन हुने योजनाहरू :

१. मेन रोड देखि चिट्कैया चोक हुँदै टाईगर मार्ग जाने सडक नालासहित कालोपत्रे ठाकुरबाबा न.पा. ८, बर्दिया रू. पचहत्तर लाख

२. खल्ला रोड कालोपत्रे क्रमागत ठाकुरबाबा न.पा. ८ बर्दिया रू. पच्चीस लाख

३. उत्तर दुन्द्रा खोला तटबन्ध ठाकुरबाबा न.पा. २ सत्घरुवा बर्दिया रू. दस लाख

४. फोहरमैला व्यवस्थापनका लागि पूर्वाधार निर्माण रू. २ करोड

५. सडक सञ्जाल विकास कार्यक्रम रू. एक करोड
दुई नं. वडा कार्यालयदेखि रानीपुर हुँदै कर्मला जोड्ने सडक निर्माण क्रमागत योजना कार्यान्वयन गरी नेल ।

६. मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कोषमार्फत **"दिगो विकास तथा हरित अर्थतन्त्रको जिम्मेवारी : कृषिको रुपान्तरणमा हामी सबैको साझेदारी"** परियोजनाको लागि एक करोड आठ लाख बजेट प्राप्त भएको ।

११५. अब म सङ्घीय सरकार तथा प्रदेश सरकार अन्तर्गतका मन्त्रालय तथा निकायबाट कार्यान्वयन हुने योजना, कार्यक्रम र बजेटको विवरण प्रस्तुत गर्दछु ।
सङ्घीय सरकारका विभिन्न निकायहरूबाट कार्यान्वयन हुने योजनाहरू :

१.	सघन सहरी विकास कार्यक्रम	रू. एक करोड
२.	पर्यटकीय शहर विकास कार्यक्रम	रू. बीस लाख
३.	सिंहबाहिनी हुँदै सत्घरुवा जोड्ने बाटो	रू. तीन करोड
४.	गोदाना र वडा नं. ८ जोड्ने ओरही खोला पुल निर्माण	रू. तीन करोड
५.	वडा नं. १ भुरिगाउँ भैँसहान मार्ग सडक निर्माण	रू. तीन करोड
६.	कोहलपुर चिसापानी सडक अन्तर्गत फोरलेन सडक क्रमागत	रू. तीन करोड
७.	कालीगौडी पुल	रू. चालीस लाख

प्रदेश सरकार अन्तर्गत खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, बर्दिया

क्र.सं.	योजना तथा कार्यक्रम	बजेट
१	ठाकुरबाबा-३४ खा.पा.आ. ठाकुरबाबा न.पा.-३४ खा.पा.आ. बर्दिया	१० लाख
२	बलाती खा.पा.यो. बर्दिया	१५ लाख
३	बर्गादा खा.पा.यो. बर्दिया	२० लाख
४	शाहीपुर खा.पा.यो. बर्दिया	१० लाख
५	शिवपुर ८ र ९ खानेपानी आयोजना ठाकुरबाबा न.पा.-७ (विविध)	१० लाख

प्रदेश सरकार अन्तर्गत जलस्रोत तथा सिचाई विकास डिभिजन कार्यालय, बर्दिया

क्र.सं.	योजना तथा कार्यक्रम	बजेट
१	अम्बासा सिचाई योजना ठाकुरबाबा न.पा.-२	२० लाख
२	सूर्यपटुवा सिचाई योजना, बर्दिया	७५ लाख
३	गिठे नाला सिचाई योजना ठाकुरबाबा न.पा.	२० लाख
४	भुड्कैया मडेला मोहनपुर सिचाई प्रणाली ठाकुरबाबा न.पा.-७ र ८	१० लाख
५	बोक्सी खोला सिचाईको लागि ढोका ठाकुरबाबा न.पा.-८	८ लाख
६	कालिगौडी सियो अन्तर्गत ओरही खोला बाँध देखि कालिगौडी सिमा सम्म पक्की लाईनिङ	८ लाख

क्र.सं.	योजना तथा कार्यक्रम	बजेट
७	भुड्कैया पक्की कुलो निर्माण ठाकुरबाबा न.पा.-८	१८ लाख
८	बलाति कुलोमा नहर निर्माण ठाकुरबाबा न.पा.-२ लठुवा कुलो लाईनिङ निर्माण ठाकुरबाबा न.पा.-६	८ लाख
९	कालिगौडी सिचांई प्रणाली ठाकुरबाबा न.पा.	१० लाख
१०	आम्बासा खोला तटबन्धन निर्माण कार्य ठाकुरबाबा न.पा.-२ सुजनपुर (अस्परी टोल)	२० लाख
११	बदबरुवा खोला तटबन्धन ठाकुरबाबा न.पा.-१, खोदाउ, बर्दिया	१० लाख
१२	ईलाका प्रहरी कार्यालयको उत्तरपट्टी तटबन्धन ठाकुबाबा न.पा.-२, रानीपुर दुन्द्रा खोला तटबन्धन ठाकुरबाबा २ तिनघरुवा ओराही खोला दक्षिणतर्फ तटबन्धन ठाकुरबाबा न.पा.-२	८ लाख
१३	तलबेलवा खोला तटबन्धन ठाकुरबाबा न.पा.-१, बर्दिया	१० लाख
१४	सुतैया कुलोमा तटबन्धन ठाकुरबाबा न.पा.-८, बर्दिया	८ लाख
१५	बर्दिया इको लज अगाडी खौराहा खोलाको तटबन्धन ठाकुरबाबा न.पा.-९	१० लाख
१६	अम्बासा सिचाई योजना ठाकुरबाबा न.पा.-२	२० लाख

प्रदेश सरकार अन्तर्गत सडक पूर्वाधार विकास कार्यालय, गुलरिया, बर्दिया

क्र.सं.	योजना तथा कार्यक्रम	बजेट
१	भुरिगाउँ कञ्चनपुर हुँदै नगर हस्पिटल जोड्ने सडक स्तरोन्नती	२० लाख
२	तुलसीपुर गाउँको सडक स्तरोन्नती ठाकुरबाबा न.पा.-६	२० लाख
३	निलगाई चोक देखि घुम्ना फाटा जाने सडक कालोपत्रे ठाकुरबाबा न.पा.-५, गोविन्दपुर, बर्दिया	५० लाख
४	ठाकुरबाबा न.पा.-७, मुक्तिपुर देखि दक्षिण जंगल तर्फ सुन्दरपुर सडक कालोपत्रे, बर्दिया	२० लाख
५	ठाकुरबाबा न.पा.-२, सुजनपुर बेस्रमाफाँटा जोड्ने अम्बासा खोलामा झोलुङ्गे पुल	३० लाख
६	ठाकुरबाबा न.पा.-३, तल्लो गोदनाबाट वडा नं. ९ बन्तारिया जोड्ने औराही खोला झोलुङ्गे पुल	१ करोड ५० लाख
७	ठाकुरबाबा न.पा.-३, नेउलापुर शिव मन्दिर गोदना ठाकुरद्वारा जोड्ने सडक स्तरोन्नती	३ करोड
८	बारबर्दिया कतर्निया धधवार गुलरा धामपुर शक्तिनगर जमुनिया खैलार घाट ठाकुरबाबा सडक स्तरोन्नति गर्ने कार्य	१४ करोड ८८ लाख

प्रदेश सरकार अन्तर्गत सडक पूर्वाधार विकास कार्यालय, गुलरिया, बर्दिया

क्र.सं.	योजना तथा कार्यक्रम	बजेट
१	अधुरो बाइजुराज मन्दिर पर्यटकीय निर्माण ठाकुरबाबा न.पा.-५, बर्दिया	१० लाख
२	ठाकुरबाबा मन्दिर मर्मत तथा व्यवस्थापन ठाकुरबाबा न.पा.-९, बर्दिया	२० लाख
३	बैजुराज मन्दिर निर्माण बन्कट्टी ठाकुरबाबा न.पा.-५, बन्कट्टी, बर्दिया	१० लाख
४	कालिका देवी मन्दिर निर्माण ठाकुरबाबा न.पा.-१, डुम्रेनी, बर्दिया	१० लाख

क्र.सं.	योजना तथा कार्यक्रम	बजेट
५	कालिका देवी मन्दिर निर्माण ठाकुरबाबा न.पा.-४, वावनपुर, बर्दिया	१० लाख
६	श्री कृष्ण प्रणामी मन्दिर बाध्यबादनको सामाग्रि खरिद ठाकुरबाबा न.पा.-१, भुरिगाउँ, बर्दिया	५ लाख
७	क्रिश्चियन आराधाना मण्डली भौतिक पुर्वाधर ठाकुरबाबा न.पा.-१, भुरिगाउँ, बर्दिया	१० लाख
८	दलित संग्राहलय पूर्वाधार निर्माण ठाकुरबाबा न.पा.-६, बकुवा, बर्दिया	५ लाख
९	ठाकुरबाबा प्रज्ञा प्रतिष्ठान ठाकुरबाबा न.पा.-१, भुरिगाउँ, बर्दिया	५ लाख

प्रदेश सरकार अन्तर्गत शहरी विकास तथा भवन कार्यालय, बाँके

क्र.सं.	योजना तथा कार्यक्रम	बजेट
१	बुधनगर टोल बस्ती विकास योजना ठाकुरबाबा न.पा.-१, डुम्रेनी, बर्दिया	२० लाख
२	ठाकुरद्वारा बजारमा सहरी पूर्वधार विकास ठाकुरबाबा न.पा.-९, बर्दिया	१५ लाख
३	ठाकुरबाबा न.पा.-४ देखि बर्गदा देखि वडा नं. ३ मिरचौया जोड्ने कालिका मार्ग सहरी विकास बर्दिया	१० लाख
४	बम बहादुर खत्रीको गर देखि भिम बहादुर वलीको घरसम्म सहरी पूर्वाधार विकास कार्यक्रम ठाकुरबाबा न.पा.-६, बर्दिया	२५ लाख
५	बर्गदवा मिर्चिया ३ सम्म कालिका मार्ग सहरी पूर्वाधार विकास ठाकुरबाबा न.पा.-४, बर्दिया	४० लाख
